









आ.व. २०७९/०८०

# बार्षिक प्रतिवेदन

SOSEC Nepal
Estd: 1997
Raising The Voice Of Voiceless

सोसेक नेपाल


केन्द्रिय कार्यालय : नारायण नगरपालिका-१, दैलेख
केन्द्रीय कार्यालय फोन नं.: ०८९-४१०१८७/४१००९६/०८९-४१००९३
बाल हेल्पलाईन १०९८ (दश नौ आठ)/९८५८०८८२२२/९८५८०३६२२२
महिला र बालबालिका केन्द्र, दैलेख : ०८९ ४१०२२२
महिला र बालबालिका केन्द्र, कालिकोट : ०८७-४४०३४४
काठमाडौं सम्पर्क कार्यालय : ०१-५९१०८९०, सुर्खेत प्रदेश कार्यालय : ०८३-४१४२५५
पैसा नलाग्ने टोल फ्रि नं.: एनटिसी १६६०८९४२००१, एनसेल ९८०१५७४८८८
इमेल: sosecdailekh@gmail.com, info@sosec.org.np, hirad@ntc.com.np
Website:- www.sosec.org.np

# २०७९/०५/११ निर्वाचित कार्यसमिति

**अध्यक्ष**
श्री मञ्जु कुमारी खड्का

**निवर्तमान अध्यक्ष**
श्री हीरासिंह थापा

**उपाध्यक्ष**
श्री कवि राज रिजाल

**महासचिव**
श्री महेन्द्र कुमार कार्की

**कोषाध्यक्ष**
श्री संगिता राना

**सचिव**
श्री ललिता कुमारी भण्डारी

**सदस्यहरु**
श्री मन्सरा थापा मगर  श्री कमला कुमारी नेपाली  श्री कमला चन्द  श्री सुजन न्यौपाने  श्री दुर्गा गिरी

## सल्लाहाकार समिति

संयोजक : श्री सीता कुमारी राना – पूर्व अध्यक्ष
सदस्य : श्री माधव प्रसाद तिमील्सेना – पूर्व उपाध्यक्ष
सदस्य : श्री अमर वहादुर थिङ – स्थानिय आर्थिक योजना तथा ब्यबस्थापक बिज्ञ
सदस्य : श्री यज्ञराज थापा – अध्यक्ष, पत्रकार महासंघ, दैलेख
सदस्य : श्री लाल ब. पुन – भिजिटिङ् फेकल्टि/सिनियर रिसर्च फेलो (KUSOM)

“आत्मा साक्षी राखी मन, बचन र कर्मले सेवा गरौं ॥”

# वार्षिक प्रगति प्रतिवेदन प्रकाशन समिति

## सल्लाहाकार

अध्यक्षः श्री मञ्जु कुमारी खड्का

कार्यकारी निर्देशक / निर्वतमान अध्यक्षः श्री हीरासिंह थापा

## प्रकाशन समिति

संयोजकः श्री महेन्द्र कुमार कार्की - महासचिब

प्रमुख सम्पादकः श्री वसन्त श्रेष्ठ - उप कार्यकारी निर्देशक

सदस्यः श्री डम्बर बहादुर कार्की - टिम लिडर

सदस्यः श्री रञ्जिता बि.सी. - परियोजना संयोजक

सदस्यः श्री बासुदेव उपाध्याय - परियोजना संयोजक

सदस्यः श्री पुस्करप्रसाद शर्मा - मिल अधिकृत

सदस्यः श्री धर्म राज बास्तोला - मिल अधिकृत

सदस्य सचिवः श्री सबिता डांगी - प्रतिबेदन तथा अभिलेखिकरण अधिकृत

## प्रकाशन सहयोगी

श्री राजेशप्रसाद चौधरी - कार्यक्रम व्यवस्थापक (सहयात्रा दोश्रो)

श्री माधव भट्टराई - कार्यक्रम ब्यबस्थापक

श्री टिकाराम सापकोटा - लेखा तथा खरिद अधिकृत

श्री माया राना - प्रशासन अधिकृत

(परियोजनामा संलग्न सबै कर्मचारीहरु)

**"जवाफदेहि सेवा, सुनुवाई तथा गुणस्तरीय कार्यक्रम कार्यान्वयनका लागि हाम्रो अनुरोध"**
**Monitoring, Evalutation, Accountability and Learning (MEAL)**

## सोसेक नेपालद्वारा स्थापना गरिएको जिज्ञासा तथा सुझाब सुनवाई सयन्त्र अन्तर्गत संस्थाद्वारा सञ्चालित कार्यक्रमहरुमा

- ❖ संस्थाको नीति, नियम तथा आचारसंहिता विपरितका कार्यहरू भएको पाईएमा।
- ❖ गुणस्तरीय कार्यक्रम कार्यान्वयन तथा लक्षित वर्ग छनौटमा भेदभाव भएको पाईएमा।
- ❖ जिम्मेवारीको आधारमा प्राप्त अख्तियारी वा श्रोतको दुरूपयोग भएको पाईएमा।
- ❖ बालबालिका र महिला माथि लैङ्गिक, आर्थिक तथा जातीय आदि कुनै पनि प्रकारका विभेद तथा दुर्व्यवहारपूर्ण कार्य भएको पाईएमा।
- ❖ संस्थाका पदाधिकारी एवम् कर्मचारीले बालबालिकालाई बाल श्रमिक, जोखिमपूर्ण तथा हानि हुने खालको क्रियाकलापमा सहभागि गराएको पाईएमा।
- ❖ संस्थाद्धारा सहयोग गरीएका शैक्षिक तथा अन्य सामाग्रीहरूको प्रयोग तथा संरक्षण नभएको पाईएमा।
- ❖ संस्थाको सहयोगमा निर्माण भईरहेका योजना गुणस्तरीय नभएमा वा प्रयोग विहिन भएको पाईएमा।
- ❖ संस्थाद्धारा संचालित कार्यक्रम तथा क्रियाकलापहरूको गुणस्तर मानक पुरा नभएको पाईएमा।

सोसेक नेपालद्वारा जिज्ञासा तथा सल्लाह सुझाव संकलनमा लागि स्थापित नि:शुल्क टोल फ्रि नम्बर एनटिसी १६६०८९४२००१, एनसेल ९८०१५७४८८८ मा फोन गरी वा कार्यालयमा रहेको जिज्ञासा तथा सुझाव पेटिका तथा ईमेल cfm@sosec.org.np मार्फत पनि जिज्ञासा तथा सुझाव दिन सक्नुहुनेछ ।

सोसेक नेपालमा आबद्ध कुनै कर्मचारी, पदाधिकारी, स्वयसेवक र सेवा तथा बस्तु प्रदायकहरुसंग सम्बन्धित संस्थाको संरक्षण नीति (बाल र बयस्क), दुर्व्यवहार बिरुद्धको निती र आँचार संहितासंग सम्बन्धित कुनै सुझाव तथा सल्लाह जिज्ञासा भएमा निम्न ठेगानामा सम्पर्क गर्नहुन अनुरोध छ :

जेसी बाल संरक्षण सम्पर्क व्यक्ति
मोबाईल नं.९८५८०२२५११ वा ९८५८०५१०८९ र ९८५११५१०८९ ईमेल : safeguarding@sosec.org.np

**तपाईले गर्नुभएको जिज्ञासालाई सम्वेदनशिलतापूर्वक लिईनेछ र आवश्यक छानविन गरि सम्बोधन गरिनेछ । यदि जिज्ञासाकर्ताले आफ्नो व्यक्तिगत विवरण गोप्य राख्न चाहेमा जिज्ञासा गर्ने व्यक्तिको विवरण गोप्य राखिनेछ ।**

# सोसेक नेपाल

SOSEC Nepal
Estd: 1997
Raising The Voice Of Voiceless


**केन्द्रिय कार्यालय : नारायण नगरपालिका-१, दैलेख**
केन्द्रीय कार्यालय फोन नं.: ०८९-४१०१८७/४१००९६/०८९-४१००९३
बाल हेल्पलाईन १०९८ (दश नौ आठ)/९८५८०८८२२२/९८५८०३६२२२
महिला र बालबालिका केन्द्र, दैलेख : ०८९ ४१०२२२
महिला र बालबालिका केन्द्र, कालिकोट : ०८७-४४०३४४
काठमाडौं सम्पर्क कार्यालय : ०१-५९१०८९०, सुर्खेत प्रदेश कार्यालय : ०८३-४१४२५५
पैसा नलाग्ने टोल फ्रि नं.: एनटिसी १६६०८९४२००१, एनसेल ९८०१५७४८८८
इमेल:- sosecdailekh@gmail.com, info@sosec.org.np, hirad@ntc.com.np
Website:- www.sosec.org.np

# सोसेक गान

कार्य क्षेत्र देशैभरी, तराई, पहाड हिमाल ।२।
कार्य क्षेत्र देशैभरी, तराई, पहाड हिमाल ।

जलवायू , शिक्षा, स्वास्थ्य, कृषि, उद्यम भित्र ।२।
दिगो विकास विपद् जस्ता विषयगत क्षेत्र ।
सबै वर्ग, भाषा, जाति, भूगोल, धर्मप्रति ।
समावेशी, जवाफदेही, आफ्ना कर्मप्रति ।२।
कार्य क्षेत्र देशैभरी.....................

मानवता, न्याय अनि सुशासनले कर्म ।२।
सिमान्तको आवाज नै यसको ठुलो धर्म ।
बालबालिका, महिला, पुरुष, अपाङ्गको साथी ।
मन वचनले कर्म गर्ने, आत्मा साक्षी राखी ।२।

कार्य क्षेत्र देशैभरी, तराई, पहाड हिमाल ।२।
तपाई हामी दिन दुखीको साझा सोसेक नेपाल ।२।
कार्य क्षेत्र देशैभरी, तराई, पहाड हिमाल ।

# सोसेक नेपाल

**केन्द्रिय कार्यालय : नारायण नगरपालिका–१, दैलेख**

केन्द्रीय कार्यालय फोन नं.: ०८९-४१०१८७/४१००९६/०८९-४१००९३

बाल हेल्पलाईन १०९८ (दश नौ आठ)/९८५८०८८२२२/९८५८०३६२२२

महिला र बालबालिका केन्द्र, दैलेख : ०८९ ४१०२२२

महिला र बालबालिका केन्द्र, कालिकोट : ०८७-४४०३४४

काठमाडौं सम्पर्क कार्यालय : ०१-५९१०८९०, सुर्खेत प्रदेश कार्यालय : ०८३-४१४२५५

पैसा नलाग्ने टोल फ्रि नं.: एनटिसी १६६०८९४२००१, एनसेल ९८०१५७४८८८

इमेल:- sosecdailekh@gmail.com, info@sosec.org.np, hirad@ntc.com.np

Website:- www.sosec.org.np

https://www.facebook.com/SOSECNepal

https://twitter.com/sosecdailekh

https://www.instagram.com/sosecnepal/

https://www.youtube.com/results?search_query=sosec+nepal

Child helpline : 1098 (ten-Nine-Eight)

# मन्तव्य

सोसेक नेपालले गत वर्षहरूमा गरिरहेको अभ्यासलाई निरन्तरता दिँदै आ.व. ०७९/८० को "**वार्षिक प्रतिवेदन**" प्रकाशन गर्न लागेकोमा मलाई खुसी लागेको छ। सामाजिक सेवा केन्द्र (सोसेक) नेपालले आफ्नो स्थापना कालदेखि नै निर्दिष्ट मार्गदर्शन र आधारभूत सिद्धान्तका आधारमा संस्थाद्धारा सञ्चालन हुने कार्यक्रम तथा परियोजनाहरू लक्षित वर्गको स्तरलाई माथि उठाउन विभिन्न क्रियाकलापहरू सञ्चालन गर्दै आइरहेको छ। त्यसै गरी संस्थाले कार्य क्षेत्रका समुदाय स्तरमा कार्यक्रम कार्यान्वयन, सञ्चालन र सम्पादन गरिसके पश्चात् गरेका काम, उपलब्धी र खर्च बजेटलाई समेटी वार्षिक पुस्तिका मार्फत सरोकारवाला निकायहरू समक्ष प्रस्तुत गर्न खोज्नु अति आवश्यकीय कार्य हो र यसलाई निरन्तरता दिइरहने छौं। यसैगरी संस्थाले गरेका क्रियाकलापहरूको जिल्ला स्तरमा कर्मचारी र कार्य समितिको वर्षको एक पटक सहभागितात्मक समीक्षा तथा रणनैतिक योजना तर्जुमा र प्रत्येक वर्ष साधारणसभा गरी त्यसको अनुमोदन र चालु वर्षको रणनैतिक योजना समीक्षा गरी अगामी वर्षको वार्षिक रणनैतिक योजना तयार गर्नु सोसेक नेपालले गौरव गर्नुपर्ने विषय हो। संस्थाले प्रकाशन गर्न लागेको प्रतिवेदनबाट कार्यक्रममा आवद्ध लक्षित वर्ग, साझेदार संस्था, सहयोगी निकायसंग समग्र प्रगतिको जानकारी आदान-प्रदान गर्न र पछिल्ला बर्षहरूमा प्रभावकारी कार्यान्वयनका लागि महत्वपूर्ण सुझावहरू प्राप्त गर्न र संस्थाको मूल्य मान्यतामा आधारित पारदर्शिता कायम राख्न उल्लेखनीय सहयोग पुग्नेछ भन्ने मैले अपेक्षा गरेको छु।

संस्थाबाट निर्दिष्ट गरेका कार्यक्रमहरू कार्यान्वयन, सञ्चालन र सम्पादनमा संलग्न लक्षित समुदाय, साझेदार संस्थाहरू, सहयोगी निकाय तथा लक्ष्य र उद्देश्य परिपूर्तिका लागि अहोरात्र खट्ने यस संस्थाका कर्मचारीहरू, कार्यसमितिका पदाधिकारीहरू, विभिन्न समिति उपसमितिका सदस्यहरू, साधारण सदस्य, आजीवन सदस्य लगायतका स्वयम्सेवकहरू र संस्थालाई यहाँसम्म ल्याउन सहयोग गर्नुहुने सम्पूर्ण साझेदार संस्थाहरू सबैप्रति आभार व्यक्त गर्दै धन्यवाद ज्ञापन गर्दछु।

यो पुस्तिका प्रकाशन गर्न सहयोग गर्ने प्रकाशन समितिलाई हार्दिक धन्यवाद दिन चाहन्छु। संस्थाको समसामयिक गतिविधीहरू सहितको प्रकाशनलाई निरन्तरता मिल्ने छ भन्ने आशा गर्दछु।
सल्लाह, सुझाव र सहयोगका लागि धन्यवाद।

मञ्जुकुमारी खड्का
अध्यक्ष
सोसेक नेपाल
६ भाद्र, २०८०

# प्राक्कथन

सोसेक नेपालले विगत २५ वर्ष देखि दलित, महिला, बालबालिका र विशेष गरी पछाडि पारिएकाहरू व्यक्ति तथा समुदायलाई समेटेर उनीहरूका अधिकारको बारेमा वकालत गर्दै आईरहेको छ। सोसेक नेपालले आफ्नो स्थापनाकालदेखि नै जिल्लाको समग्र विकासमा योगदान पुऱ्याउनका लागि विभिन्न सरकारी तथा गैर सरकारी निकायसँग हातेमालो गर्दै ग्रामीण क्षेत्रमा मानव अधिकार, विपद् तथा जलवायु परिवर्तनका असर न्यूनीकरण, कृषि, स्वास्थ्य र शिक्षा क्षेत्रका कार्यक्रम लक्षित समुदायसम्म पुऱ्याउन महत्वपूर्ण भूमिका खेल्दै आइरहेको छ।

सधैंका वर्षहरूमा झैं यस वर्ष पनि संस्थाले वर्षभरीमा सञ्चालन गरेका गतिविधिहरूलाई समेटी वार्षिक प्रगति पुस्तिका प्रकाशन गरी सरोकारवाला निकायसँग प्रस्तुत गर्ने गरेका छौं। यसले संस्थासँग प्रत्यक्ष वा अप्रत्यक्ष रूपमा सरोकार राख्नुहुने महानुभावहरू सबैको रुचिको विषय हुनेछ भन्ने कुराको आशा लिएको छु। साथै संस्थाबाट निदृष्ट गरेका कार्यक्रमहरू सम्पन्न गर्न निरन्तर प्रयास गर्नुहुने यस संस्थाका विभिन्न तहका कर्मचारीहरूलाई धन्यवाद दिन चाहान्छु। यस पुस्तक प्रकाशन र अध्ययन पश्चात् यसमा भएका केही गल्ती कमजोरीहरूलाई औंल्याई अगाडि बढ्न मार्ग निर्देशन दिनुहुन अनुरोध गर्दै निरन्तर सुझाव र सल्लाहको अपेक्षा गर्दछु।

महेन्द्र कुमार कार्की
संयोजक
वार्षिक पुस्तिका प्रकाशन समिति
सोसेक नेपाल
६ भाद्र, २०८०

# विषयसूची

| क्र.सं. | विषय | पेज नं. |
|---|---|---|

## भाग-१

### नेपाल, कर्णाली प्रदेश र दैलेखको संक्षिप्त परिचय


१.१ पृष्ठभूमि ........ १


## भाग-२

### सोसेक नेपालको संक्षिप्त परिचय


२.१ परिचय ........ ४
२.२ परिकल्पना ........ ४
२.३ ध्येय ........ ४
२.४ लक्ष्य ........ ५
२.५ उद्देश्यहरू ........ ५
२.६ सोसेकको मूल्य र मान्यता ........ ५
२.७ लक्षित समूह ........ ५
२.८ विषयगत क्षेत्र ........ ५
२.९ निर्देशक सिद्धान्तहरू ........ ५
२.१० कार्य सञ्चालन पद्धति ........ ६
२.११ सोसेकको विशेषज्ञताको क्षेत्रहरू ........ ६
२.१२ सोसेकको नीति र दिशानिर्देशहरू ........ ७
२.१३ संस्थाको कार्य समितिको बनोट ........ ७
२.१४ संस्थामा कार्यरत कर्मचीहरूको विवरण ........ ९
२.१५ सोसेक कर्मचारी संरचना ........ ११


## भाग-३

### संस्थाद्वारा संचालन गरिएका परियोजनाका मुख्य उपलब्धीहरू


३.१.१ राउटे परियोजना ........ १४
३.१.२ एकीकृत जलश्रोत व्यवस्थापन कार्यक्रम ........ १६
३.१.३ महिला, यूवा तथा बाल अधिकार प्रबर्द्धन (आधार) परियोजना ........ १७
३.१.४ सहयात्रा दोस्रो चरण ........ १९
३.१.५ यौनिक तथा लैङ्गिक अल्पसंख्यक बालबालिका र युवाहरूको अधिकार संरक्षण र समावेशीता प्रवर्द्धन परियोजना ........ २१

३.१.६ नेपाल जलवायु परिवर्तन पहल पायलट (ग्रीन जब) परियोजना-प्रथम संस्थाहरूको क्षमता अभिवृद्धि (उत्थान) परियोजना ........ २३
३.१.७ गुणस्तरीय शिक्षा अभिवृद्धि, स्वास्थ्य र जीविकोपार्जन सहयोग (सहकार्य) परियोजना ...... २४
३.१.८ कर्णाली नदी बेसिनमा जलवायु उत्थानशील तथा महिला उत्तरदायी कृषि र उद्यम (ग्रिन कर्णाली) परियोजना ........ २६
३.१.९ बाल प्रयोजन संरक्षण तथा समावेशी गुणस्तरीय शिक्षा परियोजना ........ २७
३.१.१० महिला र बालबालिका केन्द्र, दैलेख ........ ३०
३.१.११ बाल हेल्पलाईन १०९८, दैलेख ........ ३२
३.१.१२ महिला र बालबालिका केन्द्र, कालिकोट ........ ३४
३.१.१३ बाल हेल्पलाईन १०९८, कालिकोट ........ ३६
३.१.१४ संस्थाद्धारा संचालित एम्बुलेन्स सेवा ........ ३८
३.१.१५ आन्तरिक कोषबाट सम्पादन गरिएका क्रियाकलापहरू ........ ३९
३.१६ संस्थाद्धारा आ.व.०७९/८० मा सञ्चालित कार्यक्रमबाट लाभान्वित जनसंख्याको संक्षिप्त विवरण ........ ४०

## भाग-४

## आर्थिक प्रगति विवरण

४.१ परियोजना तथा कार्यक्रम गत आर्थिक विवरण ........ ४३

## भाग-५

## सफल अभ्यास, सिकेका पाठ र चुनौती

५.१ संस्थाले यस वर्ष गरेका राम्रा अभ्यास ........ ५०
५.२ सिकाईहरू ........ ५१
५.३ चुनौतीहरू ........ ५२

# भाग-१
# नेपाल, कर्णाली प्रदेश र दैलेखको संक्षिप्त परिचय

## १.१ पृष्ठभूमिः

नेपाल, एसियाको देश, हिमालय पर्वत श्रृङ्खलाको दक्षिणी भिरालोमा अवस्थित छ। यो पूर्व, दक्षिण र पश्चिममा भारत र उत्तरमा चीनको तिब्बत स्वायत्त क्षेत्रको बीचमा अवस्थित भूपरिवेष्ठित देश हो। यसको क्षेत्र पूर्वदेखि पश्चिम सम्म लगभग ५०० माइल (८०० किलोमिटर) र उत्तरदेखि दक्षिण ९० देखि १५० माइल फैलिएको छ। नेपालको संघीय राजधानी काठमाडौं हो। नेपालले विश्वको सबैभन्दा कठिन हिमाली भूभागहरू समावेश गर्दछ। देशको करिब ७५ प्रतिशत भू-भाग पहाडले ओगटेको छ। दक्षिणदेखि उत्तरसम्म, नेपाललाई तीन मूख्य भौतिक बेल्टमा विभाजन गर्न सकिन्छ, यो देश पूर्वदेखि पश्चिमसम्म फैलिएको छ। यी हुन्, पहिलो, तराई, भारतको सिमानासँग जोडिएको तल्लो, समतल, उर्वर भूमि; दोस्रो, पहाडी क्षेत्र र तेस्रो हिमाल। सन् २०१९ को लागि नेपालको एचडीआई मान ०.६०२ हो। जसले देशलाई मध्यम मानव विकास सूचांक श्रेणीमा १८९ देशमध्ये १४२ औं स्थानमा राखेको छ।



मुलुक संघीय संरचनामा गएपछि नेपाललाई सात प्रदेश र ७७ जिल्लामा विभाजन गरिएको छ। सात प्रदेशमध्ये एक कर्णाली प्रदेश हो जसमा १० जिल्लाहरू पर्दछन्। कर्णाली प्रदेशको उत्तरमा चीन, पश्चिममा सुदूरपश्चिम प्रदेश र पूर्वमा गण्डकी प्रदेश र प्रदेश ५ को सिमाना छ। यस प्रदेशमा ५४ ग्रामीण गाउँपालिका र २५ शहरी नगरपालिकाहरू छन्, र लगभग ३००,०० घरपरिवारहरू बसोबास गर्दछन्। भौगोलिक फैलावटको हिसाबले, यो ३०,२११ वर्ग किलोमिटर क्षेत्रफल भएको देशको सबैभन्दा ठूलो प्रदेश हो, जसले नेपालको कूल क्षेत्रफलको झण्डै पाँच भाग ओगटेको छ। यद्यपि, यो १.५ मिलियन भन्दा बढी मानिसहरूको साथ कम जनसंख्या भएको प्रदेश हो। राष्ट्रिय जनसंख्याको छ प्रतिशत र देशको सबैभन्दा कम प्रदेशीय घनत्व (५६ व्यक्ति प्रति वर्ग किलोमिटर) हो। विगत केही दशकहरूमा ठूला सुधारका बाबजुद पनि यो प्रदेश विकासका विभिन्न क्षेत्रमा पछाडि छ। यसका करिब २८.९ प्रतिशत जनता गरिबीको रेखामुनि रहेका छन् जसको प्रतिव्यक्ति आय ४६०६ अमेरीकी डलर रहेको छ, जुन राष्ट्रिय औसतभन्दा निकै कम छ। प्रदेशको साक्षरता दर ६२ प्रतिशत रहेको छ (पुरुषको ७२ प्रतिशत र महिलाको ५३ प्रतिशत)। त्यस्तै, ५१.२ प्रतिशत जनता बहुआयामिक रूपमा गरिब छन्, भने प्रदेशको मानव विकास सूचकांक (एचडीआई) ०.४२७ मात्र रहेको छ, जुन दुवै राष्ट्रिय औसतबाट क्रमशः २८ प्रतिशत र ०.४९ भन्दा कम छन् कर्णालीबासीको औसत आयु ६७ वर्ष छ यो औषत आयु अन्य सबै प्रदेशको भन्दा कम रहेको छ।

यसै गरी स्वास्थ्य क्षेत्रमा हेर्ने हो भने यहाँका पाँच वर्षमुनिका बालबालिकामा कुपोषण ५८ प्रतिशत रहेको देखिन्छ। यसबाहेक, कूल जनसंख्याको ३५.९ प्रतिशत सुरक्षित पानीको पहुँचमा छैनन्, र ५० प्रतिशत घरपरिवारमा मात्र उचित शौचालयको सुविधा छ साथै कर्णाली प्रदेशमा ४३९ जनस्वास्थ्य संस्था छन्। यो नेपालको कुलको क्रमशः ६ प्रतिशत र ८ प्रतिशत हो। सामाजिक-जातीय संरचनाको आधारमा, यस प्रदेशमा ब्राह्मण र क्षेत्री (६२ प्रतिशत), त्यसपछि दलित (२३ प्रतिशत), जनजाति (१३ प्रतिशत), थारु (०.५ प्रतिशत), मधेसी (०.२४ प्रतिशत) र मुस्लिमहरू (०.१८ प्रतिशत) जनसंख्या रहेको छ। नेपाली भाषा सबैभन्दा बढी प्रयोग हुने भाषा हो, जसलाई ९५ प्रतिशत मानिसहरूले प्रयोग गर्छन्, त्यसपछि मगर भाषा आउँछ। यस प्रदेशमा धैरैजसो हिन्दू (९५ प्रतिशत), बौद्ध (तीन प्रतिशत), इसाई (एक प्रतिशत) र अन्य (०.२७ प्रतिशत) छन्। यस प्रदेशले नेपालको कूल ग्राहस्थ उत्पादनमा चार प्रतिशतभन्दा कम योगदान पुऱ्याउँछ, जुन पहाडी तथा हिमाली अप्ठ्यारो भू-भाग र सीमित संख्यामा दर्ता भएका उद्योगहरू (मार्च २०१९ मा ३९ मात्रै) भएकाले यो अचम्मको कुरा होइन।

सार्वजनिक प्रशासन र रक्षाको क्षेत्रमा प्रादेशिक जीडीपीमा यो प्रदेशको योगदानमा ११ प्रतिशत छ। त्यसपछि शिक्षा (सात प्रतिशत), स्वास्थ्य र सामाजिक कार्य (सात प्रतिशत), होटल र रेष्टुरेन्ट (पाँच प्रतिशत) र अन्य सामुदायिक, सामाजिक र व्यक्तिगत सेवा गतिविधिहरू (सात प्रतिशत) छन्। पाँच प्रतिशत कृषि तथा वन, उत्पादन र वित्तीय मध्यस्थता जस्ता अन्य क्षेत्रको योगदान क्रमशः ४ प्रतिशत, ०.७ प्रतिशत र ०.९ कर्णाली प्रदेशमा पुराना रारा र शे फुक्सुण्डो तालहरू जस्ता धेरै उल्लेखनीय पर्यटकीय स्थलहरू छन्। सुर्खेतमा रहेको काँक्रे विहारका भग्नावशेषहरू कम्बोडियाको अङ्कोरवाट मन्दिरसँग मिल्दोजुल्दो छन्। सांस्कृतिक महत्वका अन्य स्थानहरूमा बडिमालिका, देउती बज्यै र चन्दननाथ मन्दिरहरू पर्दछन्। काञ्जिरोवा हिमाल, कान्ति हिमाल, गोरख हिमाल जस्ता उच्च हिमाली चुचुराहरू पनि यस प्रदेशमा पर्दछन्। कर्णाली प्रदेशले पश्चिमी चीनको अन्तर्राष्ट्रिय व्यापार र पर्यटकीय नाका बन्ने सम्भावना बोकेको छ। यो सार्वजनिक वित्त पोषित सामाजिक-

आर्थिक कार्यक्रमहरूको लागि उर्वर भूमि भएको छ।

कर्णाली प्रदेश कृषि उत्पादनको क्षेत्रमा वार्षिक उत्पादन हुने कृषिवस्तुहरू क्रमशः ११९,५००.५४ मेट्रिक टन (MT) आलु, १५२,५७७ मेट्रिक टन मकै र १६०,७७२ पी दूध रहेको छ। कूल खेतीयोग्य जमिनमध्ये ३१.५ प्रतिशतमा मात्र पूर्ण र आंशिक सिँचाइ सुविधा छ। जुन सबै प्रदेशको तुलनामा सबैभन्दा कम हो। यस क्षेत्रले १६.८ हजार मेट्रिक टनको आधारभूत खाद्यान्न उपलब्धता घाटा पनि सामना गरिरहेको छ। जैविक विविधता, हावापानी र उचाइको साथ, कर्णाली प्रदेश विविध पारिस्थितिक प्रणालीहरूको घर हो। नतिजाको रूपमा, यसमा वनस्पति र जीवजन्तुहरूको अद्वितीय संयोजन, समृद्ध सांस्कृतिक सम्पदा र आश्चर्यजनक सुन्दर परिदृश्यहरू छन्। यी मध्ये धेरै वनस्पति र जीवजन्तुहरू नेपालका लागि स्थानीय हुन् र मानवीय प्रभावहरू जस्तै वासस्थानको क्षति, खण्डीकरण र जलवायु परिवर्तनका कारण विश्वव्यापी रूपमा देखापरेका जोखिम क्षेत्रहरू मध्ये यो प्रदेश पनि उच्च जोखिममा रहेको छ। प्रदेशको इतिहासलाई हेर्ने हो भने तुलनात्मक रूपमा बाइसे चौबिसे राज्यको अवस्थामा कर्णाली एक शक्तिशाली र समृद्ध राज्य रहेको पाईन्छ।

दैलेख जिल्ला कर्णाली प्रदेशमा रहेका १० जिल्लामध्ये एक पहाडी जिल्ला हो। यसको पूर्वमा जाजरकोट, पश्चिममा सुदुरपश्चिम प्रदेशको अछाम, उत्तरमा कालिकोट र दक्षिणमा सुर्खेतसँग सिमाना जोडिएको छ। दैलेखमा ४ नगरपालिका र ७ गाउँपालिका छन्। दैलेखको कूल क्षेत्रफल १,५०२ वर्ग किलोमिटर छ र यसमा ४ नगरपालिका र ७ गाउँपालिका, २ संघीय निर्वाचन र ४ प्रादेशिक निर्वाचन क्षेत्र छन्। जिल्लाको ८० प्रतिशत भूभाग पहाडी तथा २० प्रतिशत भूभाग उच्च भूभागमा पर्दछ। जिल्लाको सबैभन्दा तल्लो उचाइ बिन्दु ५४४ मिटर (तल्लो डुङ्गेश्वर) र उच्चतम उचाइ बिन्दु औसत समुद्र सतहबाट ४,१६८ मिटर (महाबुलेक) छ। दैलेखको भौगोलिक स्थानः २८० ५०' ल देखि २९० १२' ल सम्म अक्षांश र ८१० ३०' ᵘ देखि ८२० ०६' ᵘ सम्म देशान्तर।

जिल्लाको नामाकरणको सन्दर्भमा दधीलेकबाट अप्रभंश भएर दैलेख नाम आएको किम्बदन्ती रहेको छ। जसको अर्थ दधी भनेको दधीचि ऋषिको नाम हो। किम्वदन्ती अनुसार पुरातन समयमा दधीचि ऋषिले यस जिल्लामा ध्यान गरेका भन्ने उल्लेख गरिएको छ। व्युत्पत्ति शास्त्रमा 'दधीलेख' भनेको ऋषि दधीचिले ध्यान गरेको पहाड हो। नामको बारेमा अर्को कथा पनि छ कि पुरातन समयमा यो देवताको ठाउँ थियो, त्यसैले यसलाई "दैवलोक" भनियो जुन पछि अप्रभंश भएर 'दैलेख' भयो।




दैलेख जिल्ला १२ औं शताब्दीदेखि १४ औं शताब्दीमा खस राज्यको हिस्सा थियो। सिञ्जा उपत्यका खस राज्यको पुरातन राजधानी र शक्तिशाली शहर थियो। खस राज्यको पतनपछि यो धेरै साना राज्यहरूमा विभाजित भयो। आधुनिक नेपालको एकीकरण हुनुअघि कर्णाली क्षेत्रको बाइस राज्य (बाइसे राज्य) नामको युनाइटेड किंगडम थियो। यसै अन्तर्गत दैलेख राज्य पनि त्यतिबेला बाइस मध्ये एक रियासत थियो।

# भाग-२
# सोसेक नेपालको संक्षिप्त परिचय

## २.१ परिचय

सोसेक नेपाल, दैलेखका ग्रामीण समुदायमा बसोबास गर्ने पिछडिएका तथा पछाडि पारिएका जनताको सामाजिक आर्थिक तथा सांस्कृतिक अवस्थाको वृहत्तर सुधारका लागि पार्टीगत राजनीतिबाट अलग रहेर एक मुनाफा रहित सेवा प्रदायक संस्थाको रूपमा २०५४ सालमा स्थापना भएको सामाजिक संस्था हो। देशको समग्र क्षेत्रको विकासका लागि सरकारी क्षेत्रबाट मात्रै सम्भव नहुने कुरालाई मध्यनजर गर्दै नागरीक समाजले पनि समाजको विकासको लागि केही पहल गर्नु पर्दछ भन्ने जोश र जांगरका साथ एउटै सोच र धारणा बोकेका केही दैलेखी युवाहरूको सिर्जनशीलताको उपजको रूपमा रहेको सोसेकको कार्यकारिणी समितिमा दलित, महिला र जनजातिको बाहुल्यता रहने गरी विधानतः व्यवस्था गरिएको छ। मानव अधिकार, स्वास्थ्य, शिक्षा तथा सरसफाई र कृषि क्षेत्रको विकासमा थप टेवा पुऱ्याउने मूल ध्येयका साथ आफ्ना गतिविधीहरूलाई अगाडि बढाईरहेको यस संस्थाले आफ्नो उद्देश्यसंग मेल खाने समुदायको वास्तविक आवश्यकतालाई परिपूर्ति गर्न सक्ने र वस्तु भन्दा सिपलाई प्राथामिकता दिई समुदाय प्रवेश गर्न चाहने सरोकारवाला पक्षसंग हातेमालो गर्दै कार्यक्रम सञ्चालन नीतिलाई अवलम्बन गर्दै आईरहेको छ। सोसेक नेपाल विपन्न वर्गमा, विपन्न वर्गका लागि र विपन्न वर्गलाई नै विकासको सम्बाहकको रूपमा लिनु पर्दछ, भन्ने विषय सहमतिका साथ स्थानीय श्रोत र साधन तथा सीपलाई बढीभन्दा बढी प्रयोगमा ल्याउन आफ्नो स्थापना काल देखि लागि परेको संस्था हो। यसले समुदायमा विकासका लागि समुदाय नै बढी चनाखो र जिम्मेवार हुनु पर्दछ भन्ने मूल मन्त्रलाई विभिन्न चेतनामूलक कार्यक्रमहरूबाट जनसमुदायमा अमिट छाप पारेर कार्यक्रमप्रति अपनत्वपनको भावना विकास गराउन, सञ्चालित क्रियाकलापले संस्थाको दिगोपनालाई अझ बढी प्रगाढ बनाएको कुरा सिद्ध हुन्छ। संस्थाको २४औं साधारण सभाबाट दलित पुरुष ०, दलित महिला १, जनजाति महिला १, अन्य महिला ४ र अन्य पुरुष ५ गरी जम्मा ११ जनाको कार्यकारिणी समिति चयन भएकोमा हाल कार्यसमितिमा दलित महिला १, जनजाति महिला २, अन्य महिला ४ अन्य पुरुष ४ गरी जम्मा ११ जनाको कार्यसमिति रहेको छ। भने आजीवन सदस्य ११५, साधारण सदस्य ९ जना रहेको छ।

## २.२ परिकल्पना :

हामी गरिवीमुक्त, विभेद रहित, हिंसा रहित, न्यायमूलक र स्वस्थ एवं समृद्ध समाजको निर्माण भएको देख्न चाहान्छौं। यो संस्था एकीकृत विकासका लागि प्रतिबद्ध, समर्पित र स-शक्त संस्थाको रूपमा परिचित हुनेछ।

## २.३ ध्येय :

सामाजिक परिचालन र जनसहभागिताको माध्ययमबाट जनजाति, गरिब, दलित, महिला र बालबालिकालाई सवालमखी, सुधारमुखी, राहतमुखी कार्यक्रमहरू प्रदान गरी उनीहरू स्वयंबाट सबै प्रकारका विभेदका स्वरूपहरू लाई सम्बोधन गर्न सक्षम बनाउनु हो।

## २.४ लक्ष्य :

क. सामाजिक समावेशीकरणलाई केन्द्र मानी लक्षित समुदायको शैक्षिक, स्वास्थ्य, आर्थिक र सामाजिक स्तरमा सुधार ल्याउनु ।

ख. अधिकारबाट वञ्चित वर्गको क्षमता अभिवृद्धि गरी अधिकारको क्षेत्रमा पहुँच पुऱ्याउनु ।

ग. संस्थाको मानवीय क्षमताको विकासमा जोड दिदै संस्थागत क्षमता अभिवृद्धि गर्नु ।

## २.५ उद्देश्यहरू :

क. स्थानीय स्तरमा सामाजिक पुँजीको निर्माणबाट आय स्तरमा वृद्धि गर्ने ।

ख. स्थानीय स्तरमा कृषि, वन तथा वातावरण संरक्षण, पर्यटकीय क्षेत्रको विकास, पशु विकास र प्रवर्धनबाट व्यवसायीकरणको विकास गर्ने ।

ग. विभिन्न निकायहरूको साझेदारिमा स्थानीय स्तरमा आवश्यक पर्ने लघु पूर्वाधारहरूको विकास प्रवर्धन गर्ने ।

घ. संस्थामा आवद्ध मानवीय श्रोतको क्षमता अभिवृद्धि गरी संस्थाको दिगो विकास गर्ने ।

ङ. समुदायमा सामाजिक जागरणको माध्यमबाट लैङ्गिक तथा जातीय विभेदलाई कम गर्न जनचेतना अभिवृद्धि गर्ने र अपांगता भएका व्यक्ति तथा जेष्ठ नागरिकको हक अधिकारको संरक्षणका लागि पैरवी गर्ने ।

च. स्वास्थ्य सम्बन्धी प्रजनन् स्वास्थ्य, सामुदायिक स्वास्थ्य र HIV/AIDS का पक्षमा जनचेतना अभिवृद्धि गर्ने र स्वास्थ्य सम्वन्धी शिविर सामुदायिक क्लिनिक सञ्चालन गर्ने ।

छ. बजारको मागमा आधारित स्थानीय सीप तथा प्रविधिको विकासबाट रोजगारिमा वृद्धि गर्ने ।

ज. मानव अधिकारको संरक्षणको लागि चेतना जगाउदै विपद् जोखिम न्यूनीकरण क्षेत्र, जोखिममा रहेका तथा प्रभावित समुदायलाई मानवीय सहयोगको लागि पहल गर्ने ।

झ. समाजमा रहेका कुरीतिको अन्त्य गर्न, बाल अधिकारको संरक्षणका लागि औपचारिक तथा अनौपचारिक शिक्षाका कार्यक्रम सञ्चालन गर्ने ।

ञ. समुदायको चेतना अभिवृद्धि गर्न पत्र-पत्रिका प्रकाशन तथा सामुदायिक रेडियो संचालन गर्ने ।

ट. मानव बेचबिखन विरुद्ध जनचेतनामूलक अभियानका क्रियाकलाप तथा ऐम्बुलेन्स सेवा सञ्चालन गर्ने ।

## २.६ सोसेकको मूल्य र मान्यता :

“सामाजिक समानता, जनसहभागिता, पारदर्शिता र तटस्थता”

## २.७ लक्षित समूह :

सोसेकले सञ्चालन गर्ने कार्यक्रमहरूमा निम्न समुदायलाई लक्षित समुदायको रूपमा प्रमुख मान्यता दिइएको छ । जनजाति, गरिव, दलित, महिला, युवा र बालबालिका

## २.८ विषयगत क्षेत्र :

सोसेकका विषयगत क्षेत्र

क. असमानता

ख. उत्थानशिल जिबिकोपार्जन

ग. सुरक्षा र जिबन रक्षा

घ. खानेपानी तथा पोषण

ङ. समावेशी र अनौपचारिक शिक्षा

च. बाल समृद्धि

## २.९ निर्देशक सिद्धान्तहरू :

- कार्यक्रमका प्राथामिकताहरूले संस्थाका लक्ष्य तथा उद्देश्यसंग मेल खाने हुनुपर्दछ ।
- परिवर्तनका मूख्य सम्बाहकको रूपमा रहेका महिला, युवा तथा बालबालिकाहरूको सवालमा केन्द्रित कार्यक्रम सञ्चालन गर्ने गर्दछ ।

- लैङ्गिक जातजाति तथा गरिबमुखी नीति तथा कार्यक्रमका लागि अगुवाई तथा सल्लाह प्रदान गरी आवश्यक सहयोग गर्ने गर्दछ।
- विकास जनचाहना अनुरूप र जनसमुदायको अगुवाईमा कार्यक्रमहरू संचालन तथा लागू गर्नको लागि सशक्तीकरणका कार्यक्रहरू संचालन गर्दछ।
- विकासका प्रत्येक गतिविधिहरूमा भौगोलिक र सांस्कृतिक विविधताले औंल्याएका अवसरहरू समेट्नका लागि यथासम्भव प्रयास गर्ने गर्दछ।
- लक्षित समुदायका मानिसहरूमा सामुहिक भावना तथा स्वावलम्बन विकासको लागि चेतना अभिवृद्धि तथा संस्थागत विकासका कार्यक्रम सञ्चालन गरिनेछन्।
- संस्थागत स्वायत्तता र संस्थाको बौद्धिक, नैतिक एवं वित्तिय अखण्डताको संरक्षण गर्दछ।
- बदलिंदो परिप्रेक्ष्य अनुसार संस्थागत कार्यनीतिहरू आवश्यकता अनुसार परिवर्तन गर्दछ।
- गाउँपालिका, नगरपालिका तथा जिल्ला स्तरमा तालिम, कार्यशाला गोष्ठी, अन्तरक्रिया र सेमिनारहरूको आयोजना गरी सहभागितात्मक कार्य प्रणालीका अनुभवहरू आदानप्रदान गर्दछ।

## २.१० कार्य सञ्चालन पद्धतिः

क) **समुदायमा आधारित सशक्तिकरण कार्य पद्धतीः** यसमा सबैभन्दा पहिले समुदायका व्यक्तिसंग सम्बन्ध राख्ने, विशेष गरी गरिब र सिमान्तकृतहरूसँग, निर्णयहरू र गतिविधिहरूमा उनीहरूमा पर्न सक्ने प्रभावलाई ध्यानमा राख्नुपर्छ, र उनीहरूलाई पूर्णतः सहभागी स्वस्चालित हुने बाताबरण बनाउनुका साथै सामाजिक बिकासका गतिविधिहरूमा उनीहरूको स्वामित्व अनुभूति गराउंदछ।

ख) **मानव अधिकारमा आधारित कार्य पद्धती (HRBA):** मानव अधिकारहरूमा आधारित कार्य पद्धतीले सेवाग्राहीको ज्ञान, सीपको आधारमा नविनतम सोच र परिबर्तनको अनुभूतिका साथै व्यक्ति तथा समुदायका सदस्यहरू आफ्नो अधिकारका लागि निर्णयकर्ताहरूलाई सूचित गर्न तथा सक्रिय नागरिकको भूमिका निर्बाह गर्न सक्षम बनाउन रूपान्तरित गर्दछ।

ग) **एकीकृत कार्यक्रम संचालन कार्य पद्धतीः** सोसेक नेपालले गरिब र अति बिपन्न समुदायहरूमा केन्द्रित रही सरकारी कार्यक्रमसँग समन्वय र सहकार्य गर्न बिशेष प्राथमिकता र महत्व दिदै आफ्ना गतिविधिहरू संचालन गर्दछ। यसका साथै आफ्ना विद्यमान कार्यक्रम र परियोजनाहरूसँग परिपूरकको अवस्था सृजना गर्दै स्थानीय क्षमता र संसाधनहरूको अधिकतम उपयोग गर्ने गर्दछ।

घ) **सहभागिता र समावेशी कार्य पद्धतीः** सोसेक नेपाल सरोकारवाला, सेवाग्राही र समुदायको सहभागितामा हाम्रो योजना, कार्यान्वयन, अनुगमन र मूल्यांकनको चरणहरूमा सहभागितामूलक पद्धतिबाट सहभागिता गर्दछ। हामी स्थानीय सरकारी निकायहरूलाई अति बिपन्न तथा सिमान्तकृत समुदायहरूलाई विभिन्न समूह तथा संस्थाहरूमा समावेश गर्न सहयोग गर्दछौं, र उनीहरूको स्थानीय संरचना तथा संस्थाहरूमा प्रभावकारी सहभागिताको लागि क्षमता बिकासमा सहयोग गर्दछौं।

ङ) **जलवायु न्याय र पर्यावरणीय दिगोपनाः** हामी आफ्ना सबै विकासका निर्णय र परिचालनमा आनीबानी परिबर्तन, उत्थानसिलता अभिबृद्दी र संकटासन्नता घटाउन पर्यावरण संरक्षण सम्बन्धी बिषय र गतिबिधि समावेश गर्ने अभियानमा प्रतिबद्ध छौं जस अनुसार सबै कार्यक्रमहरूमा जलवायु अनुकुलनका ढांचा तथा बिधिहरू लागू गर्दछौं।

## १०.११ सोसेकको विशेषज्ञताको क्षेत्रहरू :

सोसेकले स्थापना कालदेखि नै विभिन्न सहयोगी

संस्थाको आर्थिक तथा प्राविधिक सहयोगमा विविध कार्यक्रमहरू कार्यान्वयन गरिरहेको छ। जसबाट वर्तमान परिवेशका बावजुद पनि सञ्चालित कार्यक्रमलाई प्रभावकारी रूपबाट लक्षित समुदायसम्म पुऱ्याउनका लागि स्थान तथा कार्यक्रम अनुसारको कार्यनीति अपनाई आफ्नो मूल्य र मान्यतामा अडिग रहेर कार्यक्रम कार्यान्वयन तथा सम्पादन गर्दै आईरहेको छ। जसले गर्दा सम्पादित कार्यक्रमहरू कार्यक्रममुखी नभएर लक्षित समुदायमुखीतिर उन्मुख भएका कारणले गर्दा सोसेकले आफूलाई निम्न क्षेत्रमा विशेषज्ञता हासिल गरेको ठानेको छ।

१. लैङ्गिक अवधारण र विकास
२. दलित अधिकार
३. बाल अधिकार, महिला अधिकार र युवा अधिकार
४. बाल अधिकार संरक्षण, सुशासन
५. मानवीय श्रोत विकास
६. स्वास्थ्य, गुणस्तरीय शिक्षा, औपचारिक तथा अनौपचारिक शिक्षा
७. खानेपानी तथा स्वास्थ्य सरसफाई
८. पूर्वाधार तथा सिंचाई व्यवस्थापन
९. उद्यम विकास तथा बजार अन्तर सम्बन्ध
१०. सामुदायिक संगठन र विकास
११. यौन तथा प्रजनन तथा एच.आई.भि./एड्स
१२. प्राकृतिक श्रोत व्यवस्थापन तथा जैविक विविधता
१३. द्वन्द्व व्यवस्थापन
१४. संस्थागत क्षमता अभिवृद्धि
१५. विपद् तथा जलवायु परिवर्तनका असर न्यूनीकरण

## १०.१२ सोसेकको नीति र दिशानिर्देशहरू

संस्थालाई सुशासनतर्फ लैजान विभिन्न नीति तथा मार्गनिर्देशनहरू तयार भएका छन्। सोसेकमा नीति र दिशानिर्देशहरू निम्नानुसार छन्:

- विधान
- कर्मचारी प्रशासन नियामावली
- आर्थिक प्रशासन नियामावली
- रणनैतिक योजना
- साझेदारी नीति, संस्था व्यवस्थापन निर्देशिका
- कार्य सञ्चालनका आधारभूत मार्गनिर्देशन
- कार्यसमिति पदाधिकारीको कार्य विवरण
- समिति तथा उपसमितिहरूको कार्य विवरण
- कर्मचारीहरूको कार्य विवरण
- सेफ गार्डिङ्ग पोलिसी
- सवारी साधन संचालन तथा ब्यबस्थापन नियमावली
- तथ्यांक सुरक्षा नीति
- श्रोत परिचालन निर्देशिका, कर्मचारी अभिमुखिकरण नीति
- आन्तरिक संचार नीति
- जोखिम व्यवस्थापन कार्यदल सञ्चालन कार्यविधि
- आकष्मिक उद्धार कार्यदल सञ्चालन कार्यविधि
- बाल संरक्षण नीति
- लैंगिक समानता तथा सामाजिक समावेशिकरण नीति
- मिल निर्देशिका
- विपद् वा महामारीका समयमा संस्थाका कर्मचारीहरूले घरबाटै कार्यालयको कामगर्ने सम्बन्धी निर्देशिका
- प्राबिधिक परामर्श वा ब्यबसायिक सेवा खरिद नियमावली
- द्वन्दको चासो सम्बन्धी नीति
- जिज्ञासा सुनुवाइ संयन्त्र व्यवस्थापन कार्यविधि
- ठगी, घुसखोरी तथा भ्रष्टाचार विरुद्ध नीति

## २.१३ संस्थाको कार्य समितिको बनोट :

सोसेक नेपालको संस्थागत विकास, संस्थागत व्यवस्थापन तथा संस्थाद्धारा सञ्चालित परियोजना/कार्यक्रमहरूको प्रभावकारी सञ्चालन र व्यवस्थापनका लागि संस्थाको विधानको परिच्छेद ६ को दफा १७ अनुसार ११ जनाको केन्द्रीय कार्य समितिको गठन गरिएको छ। उक्त कार्य समितिको चयन विधानमा उल्लेख भए बमोजिम प्रत्येक




३ बर्षमा हुने साधारण सभा तथा अधिवेशनबाट निर्वाचन तथा सर्वसम्मत विधिबाट चयन गर्ने गरिएको छ। यसरी कार्य समिति चयन हुने प्रक्रियाअनुसार गत वर्ष २०७८ साल भाद्र ११ गतेको २४ औं साधारण सभा तथा अधिवेशनबाट अध्यक्ष सहित ११ जनाको केन्द्रीय कार्य समिति चयन भएको छ। ११ जना केन्द्रीय कार्यसमितिको विवरण तथा जातीय र लैंगिक अवस्था तलको तालिका तथा चार्टमा देखाइए अनुसार रहेको छ।

## तालिका नं. १ : संस्थाको केन्द्रीय कार्य समिति पदाधिकारीहरूको विवरण

| सि.नं. | पदाधिकारीको नाम | ठेगाना | पद | कैफियत |
|---|---|---|---|---|
| १ | मञ्जुकुमारी खड्का | डुंगेश्वर गाउँपालिका- २ | अध्यक्ष | |
| २ | हीरासिंह थापा | भैरवी गाउँपालिका- २ | निवर्तमान अध्यक्ष | |
| ३ | कबिराज रिजाल | भैरवी गाउँपालिका- १ | उपाध्यक्ष | |
| ४ | महेन्द्रकुमार कार्की | दुल्लु नगरपालिका- ४ | महासचिव | |
| ५ | संगिता राना | नारायण नगरपालिका- १ | कोषाध्यक्ष | |
| ६ | ललिता कुमारी भण्डारी | नारायण नगरपालिका- ८ | सचिव | |
| ७ | कमला चन्द | नौमुले गाउँपालिका- ८ | सदस्य | |
| ८ | मनसरा थापा | नारायण नगरपालिका-११ | सदस्य | |
| ९ | सुजन न्यौपाने | दूधपोखरी गा पा-२, लमजुङ | सदस्य | |
| १० | कमलाकुमारी नेपाली वादी | नारायण नगरपालिका- ६ | सदस्य | |
| ११ | दुर्गा गिरी | दुल्लु नगरपालिका - ५ | सदस्य | |



## २.१४ संस्थामा कार्यरत कर्मचारीहरूको विवरण :

सोसेक नेपालद्धारा संचालन गरिएका परियोजना तथा कार्यक्रमहरूको अनुगमन, मूल्यांकन तथा क्रियाकलापहरूको प्रभावकारी सञ्चालनका लागि सञ्चालित विभिन्न १३ वटा परियोजना तथा कार्यक्रमहरूमा १४१ जना योग्य, दक्ष र अनुभवी कर्मचारीहरू कार्यरत रहेको छ। कार्यक्रमहरूलाई अझ प्रभावकारी बनाउनका लागि कर्मचारीहरूको क्षमता विकास, कोचिङ तथा सहजीकरणको माध्यमबाट सेवाग्राहीहरूमा प्राविधिक तथा सामाजिक विकासका गतिविधिहरू नियमित सञ्चालन गर्ने गरिएको छ। यसका साथै संस्थामा कार्यरत कर्मचारीहरूको अर्धवार्षिक तथा वार्षिक रूपमा कार्य दक्षता मूल्यांकन गरी कर्मचारीहरूको आवश्यक क्षेत्रमा क्षमता विकास तथा बढुवा, स्थानान्तरण, सम्मान तथा आवश्यक कारबाहीका प्रक्रियाहरू नियमित रूपमा कार्यान्वयन गरिने गरिएको छ। संस्थाद्धारा संचालित परियोजना तथा कार्यक्रमहरूमा आवद्ध कर्मचारीहरूको विवरण तलको तालिकामा देखाइएको छ।






## तालिका २ संस्थाद्वारा परिचालन गरिएका कर्मचारीहरूको परियोजनागत विवरण

| सिनं. | परियोजनाको नाम | सहयोगी निकाय | कर्मचारीको जातीय तथा लैंगिक वर्गीकरण | | | | | | | | | कूल जम्मा | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | दलित | | | जनजाति | | | अन्य | | | | | |
| | | | म | पु | जम्मा | म | पु | जम्मा | म | पु | जम्मा | म | पु | जम्मा |
| १ | सहयात्रा दोस्रो परियोजना | सेभ द चिल्ड्रेन | ० | ० | ० | २ | १ | ३ | ९ | ११ | २० | ११ | १२ | २३ |
| २ | कर्णाली नदी बेसिनमा जलवायु उत्थानसिल तथा महिला उत्तरदायी कृषि र उद्धम प्रवर्धन (ग्रिन कर्णाली) परियोजना तथा साकार परियोजना | डिसिए | ० | ० | ० | २ | १ | ३ | १ | ३ | ४ | ३ | ४ | ७ |
| ३ | महिला युवा तथा बाल अधिकार प्रवर्द्धन (आधार) परियोजना | एइआईएन लक्जेम्बर्ग | ३ | १ | ४ | ० | ० | ० | ६ | १ | ७ | ९ | २ | ११ |
| ४ | एकीकृत जलश्रोत व्यवस्थापन कार्यक्रम | हेल्भेटास नेपाल | १ | १ | २ | ० | ० | ० | ६ | ११ | १७ | ७ | १२ | १९ |
| ५ | महिला र बालबालिका केन्द्र तथा बाल हेल्पलाईन १०९८ दैलेख | राष्ट्रिय बाल अधिकार परिषद्, एइआईएन लक्जेम्बर्ग | १ | २ | ३ | १ | ० | १ | २ | ० | ३ | ४ | २ | ६ |
| ६ | महिला र बालबालिका केन्द्र तथा बाल हेल्पलाईन १०९८ कालिकोट | राष्ट्रिय बाल अधिकार परिषद्, एइआईएन लक्जेम्बर्ग | ० | ० | ० | १ | ० | १ | ३ | १ | ४ | ४ | १ | ५ |
| ७ | राउटे समुदायको शिक्षा, स्वास्थ्य अधिकार प्रवर्द्धन तथा दैनिक जीवनयापन सुधार (राउटे) परियोजना | गुरांस गाउँपालिका र एइआईएन लक्जेम्बर्ग | १ | १ | २ | ० | ० | ० | ३ | ३ | ६ | ४ | ४ | ८ |
| ८ | गुणस्तरीय शिक्षा अभिवृद्धि, स्वास्थ्य र जीविकोपार्जन सहयोग (सहकार्य) परियोजना | एइआईएन लक्जेम्बर्ग | १ | ० | १ | ० | १ | १ | ८ | ३ | ११ | ९ | ४ | १३ |
| ९ | बाल प्रयोजन संरक्षण तथा समावेशी गुणस्तरीय शिक्षा परियोजना | वर्ल्डभिजन इन्टरनेशनल नेपाल | ० | ० | ० | २ | १ | ३ | ४ | ५ | ९ | ६ | ६ | १२ |
| १० | यौनिक तथा लैङ्गिक अल्पसंख्यक बालबालिका र युवाहरूको अधिकार संरक्षण र समावेशिता प्रवर्द्धन कार्यक्रम | सेभ द चिल्ड्रेन | ० | ० | ० | ० | ० | ० | १ | ० | १ | १ | ० | १ |
| ११ | ग्रिन जव परियोजना | सेभ द चिल्ड्रेन | ० | ० | ० | ० | ० | ० | ० | ५ | ० | ० | ५ | ५ |
| १२ | जल उपयोग गुरुयोजना निर्माण कार्यक्रम (दैलेख, अछाम र कैलाली) | कर्णाली वाटर एक्टीभिटी तथा हेल्भेटास नेपाल | १ | २ | ३ | ५ | ६ | ११ | ३ | १३ | १६ | ९ | २१ | ३० |
| १३ | संस्थाको आन्तरिक तर्फ | सोसेक नेपाल | ० | ० | ० | ० | ० | ० | ० | १ | १ | ० | १ | १ |
| | जम्मा | | ८ | ७ | १५ | १३ | १० | २३ | ४६ | ५७ | ९९ | ६७ | ७४ | १४१ |

## २.१५ सोसेक कर्मचारी संरचनाः

संस्थाको केन्द्रीय कार्य समितिप्रति उत्तरदायी रही कार्यकारी निर्देशक संस्थाको कर्मचारी संरचनाको सर्वोच्च तह रहने व्यवस्था गरिएको छ। यसै अनुसार उप कार्यकारी निर्देशक तथा विभिन्न शाखा उप शाखा, फिल्ड कार्यालयहरूको संरचना गत तह तलको चित्रमा देखाइएको छ।




SOSEC Nepal
Raising The Voice Of Voiceless
Estd: 1997
SOSEC Nepal
Raise up the Voice

## सोसेक सञ्चार र रिपोर्टिङ रणनीतिः

सोसेक नेपालले प्रभावकारी सूचना प्रवाह गर्नका लागि दोहोरो सञ्चार र रिपोर्टिङ संयन्त्र दुवैलाई अवलम्बन गर्दै आइरहेको छ तलको रेखाचित्रले सोसेकको लागि वास्तविक जानकारी प्रवाह संयन्त्रलाई चित्रण गर्दछ।



# भाग-३
# संस्थाद्वारा संचालन गरिएका परियोजनाका मुख्य उपलब्धीहरू

सोसेक नेपालले कर्णाली प्रदेश लगायत सुदुर पश्चिम प्रदेशका विभिन्न जिल्लाका ग्रामीण समुदायमा बसोबास गर्ने पिछडिएका समुदायको सामाजिक, आर्थिक र सांस्कृतिक स्थितिमा सुधारका लागि विभिन्न निकायको सहकार्य र सहयोगमा विभिन्न परियोजना/कार्यक्रमहरू कार्यान्वयन गर्दै आएको छ। जसका आ-आफ्नै विषयवस्तुहरू छन् । विशेष गरी सोसेक नेपालले तपसिल बमोजिमका विषयबस्तुहरूलाई आधार मानी आफ्ना गतिविधिहरूलाई सञ्चालन गर्दै आएको छ :

क. असमानता
ख. उत्थानशिल जिबिकोपार्जन
ग. सुरक्षा र जिबन रक्षा
घ. खानेपानी तथा पोषण
ङ. समावेशी र अनौपचारिक शिक्षा
च. बाल समृद्धि

सोसेकले सरोकारवाला निकायहरू संगको समन्वय र सहयोगमा सहयोगी सामग्रीलाई भन्दा सीपलाई प्राथमिकता दिई समुदायको वास्तविक आवश्यकता अनुसार मानव अधिकारको प्रवर्धन र संरक्षण, स्वास्थ्य, शिक्षा र कृषि क्षेत्रको थप विकास गर्ने मूख्य उद्देश्य लिएको छ। विकासको अङ्गका रूपमा गरिब पक्षबाट गरिब पक्षको उत्थान नै उत्तम हुने विश्वास अनुसार र सोसेकले स्थानीय स्रोत साधन, स्थानीय सीप परिचालन गरी आफ्नै कार्यशैली अपनाउँदै कार्यक्रम कार्यान्वयन गर्दै आइरहेको छ।

मानवअधिकार, स्वास्थ्य, शिक्षा र कृषि क्षेत्रलाई दिगो विकासको रूपमा रूपान्तरित गर्न सरोकारवाला निकाय र समूह, सहकारी, स्थानीय नागरिक समाज संघ संस्थाको क्षमता अभिवृद्धि गर्ने संस्थाको मूख्य उद्देश्य रहेकोले यस संस्थाले आफ्ना गतिविधिमा अघि बढ्दै

## संस्थाको भौगोलिक कार्य क्षेत्र



आफ्नो उद्देश्यसँग मेल खाने समुदायका वास्तविक आवश्यकताहरू परिपूर्ति गर्न र समुदायलाई प्राथमिकतामा राखी काम गर्ने गरेको छ। वस्तु, समुदायमा प्रवेश गर्न चाहने सरोकारवालाहरूसँग समन्वय र सहकार्यमा सोसेक नेपालले स्थानीय श्रोत र सीपको सहमतिमा गरिबी निवारण, मानव अधिकार सुनिश्चितता, विपद् तथा जलवायु जोखिम न्यूनीकरण र पूर्वाधार विकास क्षेत्रका लागि स्रोतसाधन उपलब्ध गराउन विशेष चासो राखेको छ। यसले विभिन्न चासोका माध्यमबाट जनताको सहभागितामा आमिट छाप पार्दै समुदायको विकासका लागि समुदाय थप सजग र जिम्मेवार हुनुपर्छ भन्ने आधारभूत संयन्त्रको नेतृत्व गरेको छ र कार्यक्रमको भावनालाई प्रवर्धन गर्ने गतिविधिलाई विकास गर्न नेतृत्व गरेको छ।

आर्थिक वर्ष ०७९/८० मा विभिन्न साझेदार निकायसंगको साझेदारी र समन्वयमा विभिन्न १२ कार्यक्रम/परियोजनाबाट २३ हजार ३७९ घरधुरीका ८१ हजार २० जना प्रत्यक्ष लाभान्वित भएका छन्। आर्थिक वर्ष २०७९/०८० को परियोजना/कार्यक्रम अनुसार वार्षिक उपलब्धि तल प्रस्तुत गरिएको छ।

## ३.१ परियोजना अनुसार प्रगति विवरण

### ३.१.१ राउटे परियोजना

कार्य क्षेत्रः कर्णाली प्रदेश, राउटे बासस्थान क्षेत्र

कार्यक्रमको अवधीः जुलाई २०१८ देखी डिसेम्बर २०२३ सम्म

सहयोगी निकायः एईआइएन लग्जेम्बर्ग

#### कार्यक्रमको उद्देश्यः

- शिक्षा, स्वास्थ्य र जीविकोपार्जन मार्फत राउटे समुदायको दैनिक जीवनस्तरमा सुधार
- राउटे समुदायका सदस्यहरूको स्वास्थ्य र जीविकोपार्जन सुधारका लागि ज्ञान, स्रोत र सेवाहरूमा पहुँच पुराउने।
- राउटे समुदायका सदस्यहरूको स्वास्थ्य र जीविकोपार्जनका विकल्पहरू सुधार गर्ने।
- राउटे समुदायको सामाजिक र जीविकोपार्जनमा सुधार गर्न प्रदेश र स्थानीय सरकार बढी संवेदनशील बनाउन सहजिकरण गर्ने।
- राउटे मैत्री नीति, रणनीति र कार्यक्रमलाई स्थानीय र प्रदेश सरकारसँगको संलग्नतामा अवलम्बन गर्न सहजिकरण गर्ने।

**लक्षित वर्ग** : ४१ घरधुरीका १४१ जना राउटे

**कार्यक्रम/परियोजनाको विषयगत क्षेत्रः**

१. शिक्षा (अनौपचारिक)
२. स्वास्थ्य र पोषण
३. जीविकोपार्जन

#### मुख्य उपलब्धीहरुः

- रराउटे समुदायसँगको सम्बन्ध निर्माणले समुदायमा स्वास्थ्य, सरसफाइ र व्यक्तिगत सरसफाइका बारेमा कार्यक्रमहरू कार्यान्वयन गर्न सजिलो हुँदै गएको छ।
- समुदाय बिस्तारै स्वास्थ्यका पक्षहरूबारे सचेत हुँदै गएका छन् र स्वास्थ्य समस्याका लागि परामर्श र गम्भीर स्वास्थ्य समस्याका लागि अस्पताल आउनेको संख्या बढेको छ।
- उचित पैरवी र लबिङबाट कर्णाली प्रदेश र गाउँपालिकाबाट खाना, स्वास्थ्य शिविर र जीवनयापनका लागि सहयोग बढेको र स्थानीय तह, प्रदेश सरकारले आफ्ना वार्षिक कार्यक्रममा राउटे समुदायका लागि बजेट र कार्यक्रम विनियोजन गरेकाछन्।
- केन्द्रीय वन तथा वातावरण मन्त्रालय र कर्णाली प्रदेश वन मन्त्रालयले कर्णाली प्रदेश भित्रका सबै वन डिभिजन कार्यालयहरूलाई प्रदेश भित्र जहाँ गए पनि प्रत्येक वन उपभोक्ता समूहको सदस्यको रूपमा राउटे परिवारलाई समावेश गर्न परिपत्र जारी गरेका कारण राउटेहरूलाई काठको सामाग्री उत्पादनका

लागि काठ उपलब्ध र आम्दानी गर्न समुदायको बाधा नपर्ने भएको छ।

- १८ बालबालिका समुदायमा बनाइएका अनौपचारिक शिक्षा अभ्यासहरूमा आकर्षित भएको देखिन्छ र



उनीहरूले बिस्तारै वर्णमाला र आफ्नो नाम लेख्न थालेका छन् जसका कारण समुदायमा म्याग्रिड एप अनलाइन गणितीय सिकाइ प्लेटफम मार्फत सिकाउन सजिलो भएको छ।

- ३५ भन्दा बढी समाचार र केस अध्ययनहरू स्थानीय र राष्ट्रिय पत्रपत्रिकाहरूमा प्रकाशित भएको छ जसले गर्दा सरोकारवालाहरूलाई उनीहरूको मुद्दाहरूमा आकर्षित भई आगलागीबाट प्रभावित राउटे सदस्यले अस्पतालमा निःशुल्क सेवा पाएका छन्। त्यसैगरी सरोकारवाला निकायबाट भ्रमण, जीवनयापनका लागि सहयोग, स्वास्थ्य शिविर सञ्चालन हुने गरेको छ।
- चेतनामूलक गतिविधिहरू मार्फत, समुदायका एकल महिलाहरू लाभान्वित भइरहेका छन्। उनीहरूलाई विगतमा समुदायमा अभिशापको रूपमा लिइएको भएपनि आयोजना सचेतना कार्यक्रम र आयोजनाका कर्मचारी र मुखियाहरूबाट सामुदायिक परिचालन मार्फत उनीहरूलाई राम्रो व्यवहार गर्न थालेको छ।
- समुदायको व्यक्तिहरूले आफ्नो व्यक्तिगत सरसफाइको बारेमा चिनता गर्न लागेका छन् त्यसैले, बारम्बार नुहाउने, कपाल कोरने, दाह्री र कपाल काट्ने, लुगा धुने आदि गर्ने गरेका छन्।



- गुरास गाउँपालिकाले समुदायलाई परिचयपत्र उपलब्ध गराएको छ। परियोजनाको सहजीकरणमा समुदायमा सहयोगको लागि एक ढोका प्रणाली अभ्यास गरिएको छ जसका कारण समुदायमा आवश्यक सहयोग समयमै व्यवस्थित गर्न र दोहोरिनबाट जोगिन प्रभावकारी भूमिका खेल्ने अपेक्षा गरिएको छ।
- आफ्नो जीविकोपार्जनको प्रवर्द्धन गर्न र अरूलाई चिनाउने उद्देश्यले चितवन र भक्तपुरमा राउटेको काठ सामग्री प्रदर्शनी गरिएको थियो। यस्तो गतिविधिले बजार विस्तार, माग बढाउनु, उनीहरूलाई पहिचान र सम्मानजनक आय प्रदान गरेको छ र उनीहरूको स्वतन्त्रतामा योगदान पुर्‍याएको छ।
- कुस ुम पोलिसी ल्याब र राष्ट्रिय मानव अधिकार



आयोगको समन्वयमा राउटे सम्बन्धी अनुसन्धान र नीति तयार भइरहेको छ।

### ३.१.२ एकीकृत जलश्रोत व्यवस्थापन कार्यक्रम (IWRMP)

**कार्यक्षेत्र** : दुल्लु नगरपालिका तथा डुंगेश्वर, गुरांस र महाबु गाउँपालिका दैलेख

**कार्यक्रमको अवधि** : १ जनवरी २०११ देखि जुलाई २०२३ सम्म

सहयोगी निकाय : हेल्भेटास नेपाल

#### कार्यक्रमको उद्देश्य

- ग्रामीण क्षेत्रका अति विपन्न दलित, महिला, एवं पछाडि परेका समुदायलाई स्वच्छ खानेपानी तथा सरसफाईको सुविधा उपलव्ध गराउने ।
- स्थानीय समुदायको वास्तविक आवश्यता तथा कठिनाईको आधारमा गुणस्तरीय खानेपानी तथा सरसफाई योजनाको निर्माणमा समुदायलाई जागरुक गराउने ।
- समुदायलाई सुरक्षित खानेपानी तथा सरसफाईका सम्वन्धमा जनचेतना अभिवृद्धि गर्ने ।
- खानेपानी तथा सरसफाइ योजनाको दिगोपनाको लागि उत्प्रेरित गर्ने तथा अपनत्वको विकास गर्ने ।
- खानेपानी तथा सरसफाइ योजना क्षेत्र, वडा तथा नगरपालिकालाई पूर्ण सरसफाइयुक्त बनाउन आवश्यक सहजीकरण गर्ने ।

#### मुख्य उपलब्धीः

- २८ ओटा योजनाका १४८ जना उपभोक्ता समितिका सदस्यहरूलाई ब्यवसथापन तालिम दिइ उनिहरूले आफ्नो योजनको क्रियाकलापको ब्यवस्थापन तथा योजना खातापाता र हिसाव किताव ब्यवस्थापनमा सहज भएको छ ।
- दुल्लु नगरपालिकामा १२ वटा, महाबु गाउँपालिकामा ५ वटा, डुङ्गेश्वर गाउँपालिकामा ६ र गुरांस गाउँपालिकामा ५ गरी जम्मा २८ योजनामा ४०६ वटा सरसफाइ साक्षरता कक्षा सञ्चालन भएको छन । र यसको कारणले योजनाका १५५५ घरधुरीहरूले पूर्णसरसफाइका सुचकको निमार्ण तथा प्रयोगको सुरुवात भएको छ ।
- परियोजनाले समेटेका १५५५ घरधुरीमा महिला स्वस्थ्य स्वयमसेविका मार्फत पूर्ण सरसफाइका सुचकको प्रयोगको बारेमा जानकारी पाएका छन् ।



- दूल्लु नगरपालिका, महाबु गाउँपालिका, डुङ्गेश्वर गाउँपालिका र गुरांस गाउँपालिकामा र्मत सम्भार कार्ययोजना सम्बन्धी अभीमुखीकरण भएको छ। र उक्त अभिमुखिकरण पश्चात पालिकामा सञ्चालनमा रहेको योजनाको र्मत सम्भारको लागि र्मत सम्भार कोषको व्यवस्था गर्ने र पालिकामा पालिका स्तरीय खानेपानी वोर्ड तथा संस्थान बनाएर जाने निर्णय भएको छ ।
- दूल्लु नगरपालिका, महाबु गाउँपालिका, डुङ्गेश्वर गाउँपालिका र गुराँस गाउँपालिकाका जम्मा १५५५ घरधुरीमा एक घर एक धारा मार्फत खानेपानी सञ्चालन भएको छ। जसमा दूल्लुको ५९५ घरधुरी, गुराँसको २१९ घरधुरी, महाबूको ४३९





घरधुरी र डुङ्गेश्वर गाउँपालिकामा ३०२ घरधुरीलाई सुरक्षित पानीमा पहुंच पुगेको छ ।

- परियोजनाको सहयोगबाट १४ वटा विद्यालयको २८ स्थानमा हातधुने स्टेशन बनेको छ र १८१७ विद्यार्थीहरूले सुरक्षित खानेपानी प्राप्त गरेका छन् ।
- परियोजनाले दैलेखको दुल्लु नगरपालिकामा ८ वटा, महाबु गाउँपालिकामा ६ वटा , र डुङ्गेश्वर गाउपालीकामा ७ वटा गरी २१ वटा खानेपानी तथा सरसफाइ योजनाको पानी सुरक्षा योजना तयार गरी सुरक्षित खानेपानीको व्यवस्था भएको छ ।
- दुल्लु नगरपालिकाको १२ वटा, महाबु गाउँपालिकाको ५ वटा, डुङ्गेश्वर गाउँपालिकाको ६ र गुरांस गाउँपालिकाको ५ गरी जम्मा २८ वटा योजनाहरूको खानेपानी गुणस्तरको लागि गुणस्तरीय परिक्षण गरी आवश्क शुद्धिकरण गरिएको छ ।

### ३.१.३ महिला, यूवा तथा बाल अधिकार प्रबर्द्धन (आधार) परियोजना

**कार्य क्षेत्र** : दैलेख जिल्लाको भैरवी गाउँपालिका, कालिकोट जिल्लाको पलांता गाउँपालिका ।

**कार्यक्रमको अवधी** : १ जनवरी २०१९ देखि ३१ डिसेम्बर २०२३ सम्म

**सहयोगी निकाय** : एइआईएन लक्जेम्बर्ग

#### कार्यक्रमको उद्देश्य :

१. महिला र बालबालिकाको क्षमता विकासको माध्यमबाट सामाजिक, राजनैतिक र आर्थिक पक्षमा सुधार गर्दै विकासको मूल धारमा ल्याउने ।



२. युवाहरू मा सुरक्षित बसाईसराईका बारेमा जानकार भई स्वरोजगारमा संलग्न भएका हुनेछन् ।

३. गरिव तथा सिमान्तकृत महिलाहरूको आम्दानीमा वृद्धि हुनुको साथै अधिकार र सेवामा पहुँच पुगेको हुनेछ ।

#### कार्यक्रम / परियोजनाको विषयगत क्षेत्र:

१. महिला अधिकार

२. युवा अधिकार

३. बाल अधिकार

#### मुख्य उपलब्धी:

- भैरवी गाउँपालिकाको वार्ड नो ३ को सिर्जनशील बाल क्लबका सदस्य र सोही वडाको भागवती बाल क्लबका सदस्यहरूले रावतकोटमा हुन लगेको ३ वटा बाल विवाहको जानकारी पाए पश्चात बाल हेल्पलाइन १०९८ मा खबर गरी उक्त बाल विवाह हुनबाट रोकेका छन् र भैरवी गाउँपालिकाको वाडा नं. ४ को पञ्चकोशी आमा समूहले हुन लागेको ३ वटा बाल विवाह गलत र कानूनी अपराध हो

भन्ने घर परिवारलाई सम्झाई बुझाइ बालक र बालिकको उमेर नपुगेसम्म विवाह नगरदिने भन्ने सम्झौतामा बाल विवाह रोकेका छन्, त्यसैगरी भैरवी गाउंपालिका ४ को मेरी गोल्ड बाल क्लबका सदस्यले हुन लागेको २ वटा बाल विवाह भैरवी चौकीमा खबर गरेर रोकेका छन् र भैरवी गाउंपालिका ५ को सिर्जनशील आमा समूहले प्रहरीलाई खबर गरेर हुन लगेको एउटा बाल विवाह रोकेका छन् ।



- भैरवी र पलात गाउँपालिकाको ११२ वटा महिला समूहका सदस्यहरूले रु.२०९८०९३/- र ७३ वटा युवा क्लबका सदस्यहरूले रु. ६४४३४४/- बचत गरेका छन् । उक्त बचतको रकम समूहका सदस्यहरूमा आयआर्जन कार्यहरू जस्तैः तरकारी खेती, र अन्य ब्यवसायमा ऋण लगानी गरेकाछन् ।
- भैरवी र पलात गाउँपालिकाको युवा समूहको ८३ सदस्यहरूले बिभिन्न निकायबाट जस्तैः स्थानीय सरकार, I/NGOs, निजी क्षेत्र र CSO बाट सहयोगहरू जस्तैः पोली हाउस, ड्रिप सिँचाइ, पंखा, बाख्रा पालन, बिरुवा आदि लिएर तरकारी खेतिमा संलग्न भएका छन् ।
- भैरवी र पलात गाउँपालिकामा महिला र बालबालिका विरुद्धका हिंसाका घटनाहरू १५ प्रतिशतले घटेको छ भने २७ जना महिला समूहको सदस्यहरूले क्षमता विकासको तालिम लिएर अहिले विभिन्न संघसंस्था जस्तै दलित महिला नेटवर्कको सदस्य, सर्की दर्शन समुदयक बन उपभोक्ता समितिको अध्यक्ष, बिद्यालय ब्यबस्थापन समितीको सदस्य जस्तो पदमा रहेर नेतृत्व लिइरहेकाछन् ।
- बेसलाइन सर्वेक्षणको आधारमा भैरवी गाउँपालिकाको ८१२ र पलांता गाउँपालिकाको ४९१ जना महिलामा सर्वेक्षणगर्दा प्रति घरको आम्दानी वार्षिक औसत २५ हजार थियो र परियोजनाको तथा अन्य स्थानीय सरकार र निकायहरूको सहयोमा तरकारी खेती, कुखुरापालन र अन्य गैर कृषिजन्य व्यवसायको माध्यमबाट अहिले आम्दानी औसतमा ३५ हजार ८६० पुगेको छ र प्रतिशतमा हेर्दा आम्दनी ४३% ले वृद्धि भएको देखिन्छ ।
- भैरवी र पलांता गाउँपालिकाका ६६७७ महिला, युवा र बालबालिका र उनीहरूको परिवारहरूको व्यवहार र सामाजिक रूपान्तरणमा परिवर्तन देखिएको छ भने बोल्ने शैलीको बिकास भएको छ, नियमित बैठक सन्चालन हुने गरेको छ । जसमा सामाजिक कुरितीहरू जस्तै लैंगिक तथा जातिय बिभेद, मर्यादित महिनबरी, सन्तुलित आहार, बाल संरक्षण, महिला, युवा र बाल अधिकार जस्ता कुराहरूमा सामाजिक परिवर्तनका लागि सशक्त बनी मानव अधिकार उल्लंघनका क्रियाकलापहरूमा सहभागि हुने गरेकाछन् ।



- १५३ बालबलिका र अभिभाबकहरूले घरमा र ६ जना शिक्षकहरूले विद्यालयमा बाल आचारसंहिता तयार गरी कार्यान्वयमा ल्याएकाछन् जस्ले विद्यार्थी, शिक्षक र अभिभाबक सबैमा सकारत्मक् परिवर्तन जस्तै अभिभाबकहरूले महिला र बाल संरक्षणको बारेमा सचेत भई सामाजिक अपराध र घटना भएमा सम्बन्धित निकाय लाई खबर गर्ने बानीको विकास भएको छ।
- खानेपानीको सरसफाइ र विद्यार्थीको सुरक्षित खानेपानीमा पहुँच पुऱ्याउने उद्देश्यले भैरवी गाउँपालिकाको वडा नं. ३ को नेपाल राष्ट्रिय आधारभुत बिद्यालय, वाडा नं. ४ को गौरी माध्यमिक बिद्यालय र वडा नं. २ को पञ्चदेवल माध्यामिक विद्यालयलाई १६ लिटरका ३ वटा फिल्टर, साबुन, गिलास, कुचो, फोहोर उठाउने भाडा वितरण गरिएको छ जस्ले विद्यार्थीहरूको स्वास्थ्य र सरसफाइमा सकारात्मक प्रभाव पुऱ्याउन उल्लेखनीय सहयोग गरेको छ।

### ३.१.४ सहयात्रा दोस्रो चरण

कार्य क्षेत्र: गुराँस गाउँपालिका

कार्यक्रमको अवधी: फेब्रवरी २०१९ देखी २०२३ सम्म

सहयोगी निकाय: सेभ द चिल्ड्रेन

कार्यक्रम/परियोजनाको विषयगत क्षेत्र : गुणस्तरीय शिक्षा, बाल अधिकार शासन र बालसंरक्षण

परियोजनाले समेटेका विद्यालय तथा अन्य संरचनाहरू

**विद्यालय** : ४६

**बाल विकास केन्द्र** : ५२

**बाल क्लव** : ४६ विद्यालय स्तरीय बाल क्लव, ८ वडा **स्तरीय बाल संजाल** : १ पालिका स्तरीय बाल संजाल

**गाउ शिक्षा समिति** : १

**वडा शिक्षा समिती** : ८

**वडा बाल संरक्षण समिति** : ८

### परियोजनाको लक्ष्य:

पछाडि परेका र पारिएका समूहका वालवालिकाहरूको सिक्ने र अन्तरनिहित क्षमताको उजागर गरी आधारभूत शिक्षामा सुधार गर्ने।

### परियोजनाको उद्देश्य:

- अति विपन्न र सिमान्तकृत समुदायका सबै बालबालिकाले समावेशी र गुणस्तरीय आधारभूत शिक्षा प्राप्त गर्नु।



- संयुक्त राष्ट्रसंघीय बालअधिकार महासन्धी विशेष गरी GMI अनुरूप कार्यन्यवनको अवस्थालाई सुधार गर्न सरकारी निकाय र नागरिक समाजलाई सहयोग गर्नु।
- बालबालिकाको लागि विद्यालय, स्वास्थ्य संस्थाहरू र समुदायमा सुरक्षित र संरक्षित वातावरण तयार गर्न सहयोग गर्नु।

### मुख्य उपलब्धीहरू:

- १३ बटा वालबिकास केन्द्रका अभिभावकले बालविकासको महत्व बुझि ४ बर्ष उमेर समूहका ५० जना वालवालिकालाई नियमित वालविकास केन्द्रमा पठाउने गरेका छन्।
- परियोजनाको सहयोगमा गुरांस गाँउपालिकाका वडा नं १, ३, ९, र ८ वडाबाट १५ जना र वडा नं २ बाट १६ जना गरी बालिका ५७ र बालक ६४ जसमध्ये ५१ जना दलित बालबालिकालाई कापी,

सिसाकलम, झोला, सुईटर, ड्रेस आदी सहयोग पश्चात विद्यालयमा नियमित पढ्न आउने गरेका छन् ।



- ४ जना (२ वालक र २ वालिका) घरमै विद्यालयमा कार्यक्रम अन्तर्गत भर्ना भई निरन्तर रूपमा पढिरहेका छन् । जसमध्ये अहिले २ जना कक्षा ५ मा र २ जना बालबालिका कक्षा १ मा नियमित पढिरहेका छन । अपांगता सम्बन्धी जांच शिबिरबाट ११ जना अपांग भएका बालबालिकालाई सहायक समाग्री (बैसाखी हिंडडुल गर्ने सहायक सामाग्री) सहयोग पश्चात उपरोक्त बालबालिकाहरू विद्यालय नियमित हुनुका साथै शैक्षिक पहुचमा अभिबृद्धि भएको छ ।
- परियोजनाको सहयोगमा गुराँस गाउँपालिकाको १० बर्षे शैक्षिक योजना निर्माणका साथै स्थानिय पाठ्यक्रम "हाम्रो गुँरास" को लागि कार्यशाला



सम्पन गरी कार्यान्वयन प्रक्रिया शुरु भएको छ ।
- श्री शिव प्रावि गुँरास वडा नं ८ मा २ कोठे भवन निर्माण समपन्न भएको र यसबाट ७६ जना बिधार्थिहरू नाभन्वित भएका छन् ।
- विद्यालयमा वालवालिकाको शारिरीक सुरक्षाको लागि पालिकाको श्री नवदुर्गा प्रावि वडा नं १ र श्री शिव प्रावि गुँरास वडा नं ८ मा जाली वार निर्माण गरिएको छ । जसबाट १५० विद्यार्थीको दुर्घटनाबाट हुनसक्ने जोखिम कम भएको छ ।
- सुरक्षित खानेपानी निर्माण तथा मर्मत मार्फत श्री कालिका मावि गर्चामा बालमैत्री खानेपानी निर्माण सम्पन्न भई र यसबाट २६७ बालबालिका लाभन्वित भएका छन् ।
- पालिकाका सबै ४६ वटा विद्यालयहरूमा बालबालिका, लैङ्गिक तथा यौनिकहरूको मुदाहरू समेटी वार्षिक विद्यालय सुधार योजना तयार भई कार्यान्वयनमा आएको छ ।
- पालिकाका ४६ वटा विद्यालयहरूमा विद्यालय



आचारसँहिता निर्माण गरी कार्यान्वयन गरिनुका साथै सबै विद्यालयहरूमा पृष्ठपोषण संयन्त्र निर्माण गरी विद्यालयले नियमित कार्यान्वयनमा ल्याउने गरेकाछन् ।
- गुराँस गाउँपालिका वडा नं. ४ मा संचालन भएको रोजाइ आवाज र प्रतिवद्धता कक्षामा सहभागी ७८

जनाको परिवार लगायत समुदायमा हुने परम्परागत लैगिक मूल्यमान्यतामा परिवर्तन भई छोरा र छोरी बिच हुने विभेदमा कमी आएको छ।

- स्थानीय बाल अधिकार समितिको पहलमा बालबालिकाहरूको संरक्षण र बाल अधिकारका विषय अन्तर्गतका योजना तथा कार्यक्रमहरू पालिकाको योजना तथा कार्यक्रममा समावेश गरिएको छ।

## ३.१.५ यौनिक तथा लैङ्गिक अल्पसंख्यक बालबालिका र युवाहरूको अधिकार संरक्षण र समावेशीता प्रवर्द्धन परियोजना (LGBTIQ)

**परियोजना अवधि** : सन् २०२३ - २०२५ सम्म

**सहयोग** : सेभ द चिल्ड्रेन

**कार्य क्षेत्र** : गुराँस गाउँपालिका, विरेन्द्रनगर नगरपालिका

**कार्यक्रमको अवधी** : १ जनवरी २०२३ देखि ३१ डिसेम्वर २०२५

**सहयोगी निकाय** : सेभ द चिल्ड्रेन FRI/Norway MFA

परियोजनाले समेटेका विद्यालय तथा अन्य संरचनाहरू

**विद्यालय** : १५

प्रभाव : यौनिक तथा लैङ्गिक अल्पसंख्यक बालबालिका र युवाले नेपालमा आफ्नो अधिकार उपभोग गरेका हुनेछन्।

नतिजा १: विभिन्न यौन अभिमुखिकरण, लैङ्गिक पहिचान, लैङ्गिक प्रस्तुतिकरण भएका बालबालिका र युवाहरूको अधिकार सम्मान, संरक्षण, प्रवर्द्धन र पुर्तिमा सरकार जवाफदेहि हुनेछन्।

नतिजा २ : बालअधिकार / LGBTIQ केन्द्रित संस्थाहरूले तीनीहरूका विभिन्न कार्यक्रम (शिक्षा, बाल संरक्षण, बाल अधिकार शासन) क्षेत्रहरूमा विभिन्न SOGIESC भएका बालबालिका र युवाहरूलाई मुलधारमा समावेश गर्नेछन्।

नतिजा ३ : विभिन्न SOGIESC भएका बालबालिका र युवाहरू उनीहरूको स्थानीय समुदायमा सुरक्षित र संरक्षित भएका हुनेछन्।

नतिजा ४ : दक्षिणपूर्व एशिया/दक्षिण एशिया क्षेत्रमा LGBTIQ र बाल अधिकार एनजीओहरूले राष्ट्रिय, क्षेत्रीय र अन्तर्राष्ट्रिय स्तरमा विविध SOGIESC भएका बालबालिका र युवाहरूको अधिकारलाई समर्थन गर्न गठबन्धन र क्षेत्रीय सञ्जालहरू गठन हुनेछन्।

### मुख्य उपलब्धी:

- परियोजनाको सहजिकरण तथा पालिकासंगको समन्वय र आवश्यकता अनुसार गुराँस गाउँपालिकाले आ.व. २०८०।०८१ को वार्षिक नीति तथा कार्यक्रममा यौनिक तथा लैंङ्गिक अल्पसंख्यकहरूको सवाललाई समेटी ठोस नीति तथा कार्यक्रम तय भएका छन्।



- परियोजनाको सहजिकरण तथा समन्वयमा गुराँस गाउँपालिकाले आ.व. २०७९।०८० मा ५ जना यौनिक तथा लैंङ्गिक अल्पसंख्यक बालबालिका र युवाहरूलाई बाख्रापालन तथा क्षमता अभिबृद्धि तालिम प्रदान गरेको, बाख्रा सहयोग गरेको र तालिम पश्चात बाख्रापालन बाट आम्दानी बृद्धि भएको छ।
- परियोजनाको सहजिकरण तथा समन्वयमा गुराँस गाउँपालिकाले आ.व. २०७९/०८० मा यौनिक तथा लैंङ्गिक अल्पसंख्यक ५ जना बालबालिका

र युवाहरूलाई बाख्रापालन तथा क्षमता अभिबृद्धि तालिम प्रदानका साथै बाख्रापालन व्यवसायको लागि सहयोग गरिएको छ।

- २ जना यौनिक तथा लैङ्गिक अल्पसंख्यक युवाहरूले समुदाय तथा गुराँस गाउँपालिकाका १३ विद्यालयमा १३ वटा अभिमुखिकरणका कार्यक्रम संचालन २०२२ र २०२३ मा ३ वटा वि Becoming web series सम्वन्धी Screening Camp र SOGIESC सम्वन्धी अभिमुखिकरण गरेका छन्।
- गुराँस गाउँपालिकामा रहेका ४६ विद्यालयमा नै विद्यालय सुधार योजना बनेकोमा ३१ विद्यालयको विद्यालय सुधार योजना र आचार संहितामा यौनिक तथा लैंङ्गिक अल्पसंख्यक बालबालिकाको सवाललाई समेटिएको छ।
- ३१ जना शिक्षकहरूले SOGISEC सम्बन्धी तालिम पश्चात यौनिक तथा लैङ्गिक अल्पसंख्यक




सम्वन्धी विषय विद्यालयमा पठनपाठन गर्न सहज भएको र विद्यालयहरूमा LGBTIQ मैत्री बातावरण विद्यालयले सहजीकरण गर्ने गरेकाछन्।

- स्थानीय पाठ्यक्रम तथा पाठ्यपुस्तकमा SOGIESC सम्वन्धी सवाल समावेशका साथै विभिन्न १३ बुदामा सुधार गर्न ध्यानाकर्षण पत्र बुझाई पालिकासंग प्रतिवद्धता लिइएको छ।
- कार्यक्रमले CDC/CEHRD प्रदेश शिक्षा



निर्देशनालयमा पाठ्यक्रम समिक्षा, पाठ्यक्रममा यौनिक तथा लैंगिक अल्पसंख्यकका सवाल समावेश सम्वन्धी समन्वय बैठक, सुझाव, ध्यानकर्षण पत्र बुझाएको छ।

- पालिकाको १० वटा बालक्लवहरूले आफ्नो वार्षिक कार्ययोजनामा यौनिक तथा लैंङ्गिक अल्पसंख्यकको सवाललाई समेटी, यौनिक तथा अल्पसंख्यकलाई बालक्लवमा समावेश गर्ने र सो सम्वन्धी जनचेतनामुलक कार्यक्रमहरू (चित्रकला, कविता, बक्तृत्वकला, सडक नाटक आदि) आयोजना र सञ्चालन गर्ने गरेका छन्।
- गुराँस गाउँपालिकाका १३ माध्यामिक विद्यालयमा विभिन्न अभिमुखिकरण, Anti bullying सम्वन्धी व्यानर, जानकारीमुलक बुक्लेट वितरण र प्रत्यक्ष रूपमा यौनिक तथा लैंगिक अल्पसंख्यक बालबालिका तथा युवाहरूले आफुहरूलाई भेदभाव तथा अपशव्द प्रयोग नहुने र विद्यालयमा सवैलाई समान व्यवहार, विद्यालयमा लैङ्गिकमैत्री र भेदभाव रहित बातावरणको बिकास भएको छ।
- LGBTIQ बालबालिका र युवाहरूका परिवारलाई यस सम्वन्धी अभिमुखिकरण, Peer Support Group meeting, बालअधिकार सम्बन्धी जानकारी, नियमित घरभेट पछि यौनिक तथा लैंङ्गिक अल्पसंख्यकका परिवार र समुदायले उनीहरूलाइ स्वीकार गर्न थालेका छन्।

## ३.१.६ नेपाल जलवायु परिवर्तन पहल पायलट (ग्रीन जब) परियोजना-प्रथम

**परियोजनाको लक्ष्य :**

- हरित उद्यमको श्रृजना तथा विकास द्वारा लक्षित युवाहरू र उनीहरूको परिवारको आर्थिक क्षमता अभिवृद्धि गर्ने ।
- उद्धेश्य / नतिजा
- गुराँस गा.पा. को लक्षित वार्डहरूमा छनोट भएका लक्षित युवाहरू (किशोर किशोरी, महिला पुरुष, अपाङ्गता भएका व्यक्तिहरूको) हरित उद्यम श्रृजना तथा विकास गर्न उनिहरूको क्षमतामा वृद्धि गर्ने ।
- खानेपानीको श्रोत व्यववस्थापनको लागि सामुदायिक वन उपभोक्ता समुहको क्षमता अभिवृद्धि गर्ने ।

**उपेक्षित प्रतिफल**

- हरित उद्यमको विकास र विस्तार गर्न युवाहरूको क्षमता अभिवृद्धि भएको हुने छ ।
- खानेपानीको श्रोत व्यववस्थापनको लागि सामुदायिक वन उपभोक्ता समुहको क्षमता अभिवृद्धि भएको हुने छ ।

**कार्य क्षेत्र** : गुराँस गाउँपालिका वडा नं. २ र ३

**दातृ निकाय** : नोराड/सेभ द चिल्ड्रेन



### मूख्य उपलब्धी:

- गुरांस गाउंपालिका वडा नं. १ र २ का ३१ जना युवाहरूलाई जिवन उपयोगी सिप विकास तथा SIYB तालिमसंगै उनिहरूको व्यवसायको व्यवसायिक योजना तयार र अनुदान सहयोग पश्चात २५ जना युवाहरू स्थानीय स्तरमै हरित व्यवसाय (बहु उद्देश्यिय नर्सरी २, जैविक तरकारी खेती व्यवसाय २३) मा संलग्न भएकाछन् ।
- पालिकाको समन्वय, परियोजनाको सहयोग, र साना उद्योग तथा उपभोक्ता हित संरक्षण कार्यालय दैलेखको सहकार्यमा २५ युवा उद्यमीहरूको व्यवसाय दर्ता भएको छ ।
- हरित उद्यमीहरूको उत्पादनलाई सहजरूपमा बजारीकरण क्षेत्रमा पहुंच पुऱ्याउनको लागि सामाजिक सञ्जालको माध्यमद्वारा नेटवर्क तयार गरिएको छ ।



- कार्य क्षेत्रका २ वटा अमरा र सारदा सामुदायिक वन उपभोक्ता समितिको क्षमता अभिवृद्धिका साथै दुवै सामुदायिक वनको जलवायु अनुकुलन कार्य योजना तयार गरी कार्यान्वयनमा सहयोग गरिएको छ । जस अन्तर्गत सारदा सामुदायिक वन क्षेत्रमा भएको १ वटा पानीको मूल संरक्षण र रिचार्जको लागि ८२ वटा रिचार्ज पोखरी र अमरा सामुदायिक वन क्षेत्रमा भएको ४ वटा पानीको मूल संरक्षण र रिचार्जको लागि १०८ वटा रिचार्ज पोखरी निर्माण गरिएको छ ।
- अमरा र सारदा सामुदायिक वन क्षेत्र तथा समूहका सदस्यहरूका नीजि जग्गामा १५४० वटा गैरकाष्ट वनपैदार तथा फलफूलजन्य विरुवाको वृक्षारोण गरिएको छ ।
- गुराँस गाउँपालिका वडा नं २, र ३ को अमरा र



सारदा सामुदायिक बन क्षेत्रको पानीको मुहान संरक्षणको लागि १९० वटा रिचार्ज पोखरी निर्माण भई ३ वटा पानीका मुहान संरक्षण भएको छ।

## ३.१.७ गुणस्तरीय शिक्षा अभिवृद्धि, स्वास्थ्य र जीविकोपार्जन सहयोग (सहकार्य) परियोजना

**कार्य क्षेत्र** : दैलेख जिल्ला ठाटिकाँध गाउँपालिका

**कार्यक्रमको अबधि** : अक्टोबर २०२१ देखि डिसेम्बर २०२३

**सहयोगी निकाय** : एइआइएन लक्जेम्बर्ग र ठाटिकाँध गाउपालिका दैलेख

**कार्यक्रमको उद्देश्य** : ठाटिकाँध गाउपालिका दैलेखका बालबालिका तथा महिला, युवायुवती तथा बयस्कलाई गुणस्तरीय शिक्षा, स्वास्थ्य र जीविकोपार्जनमा पहुँचको माध्यमबाट अधिकार सम्पन्न बनाउने।

**कार्यक्रम/परियोजनाको विषयगत क्षेत्र** : गुणस्तरीय शिक्षा, स्वास्थ्य र जीविकोपार्जन

परियोजनाको उद्देश्य

**समग्र उद्देश्यः**



- ठाँटीकाँध गाउँपालिकाका बालबालिका, महिला र युवाहरूलाई गुणस्तरीय शिक्षा, स्वास्थ्य सेवा र जीविकोपार्जनका विकल्पहरू पहुँच गरेर सशक्त बनाउन।

**विशिष्ट उद्देश्य १**

- ठाँटीकाँध गाउँपालिकाका बालबालिकाको गुणस्तरीय शिक्षामा पहुँच।
- लक्षित विद्यालयहरूमा विद्यार्थीहरूको संख्यात्मक र साक्षरता दक्षताहरू (पढाई, लेखन र अंकगणित)
- अभिभावक, शिक्षक, आमा र विद्यालय व्यवस्थापन समितिको सामुदायिक स्तरीय समुहहरू सक्षम बनाउने।

### मुख्य उपलब्धीः

- जनता आधारभूत विद्यालय थापाटोल वडा नं ६ मा ५ कोठे भवन मर्मतबाट १५७ जना, दुर्गादेवि आधारभूत विद्यालय खुडेखुडीको ३ कोठे भवन मर्मतबाट ७१ जना र हिमालय बालबिकास केन्द्रको २ कोठे भवन मर्मत पश्चात २९ जना गरी जम्मा



२५७ जना बालबालिकाहरू लाभान्वित भएकाछन्।

- रामचन्द्र आधारभूत विद्यालय ठाटीकाँध ५, अधिकारी चौरमा शौचालय मर्मतबाट ४७ जना बालबालिका, बालकल्याण आधारभूत विद्यालयमा खानेपानी धारा निमार्णबाट १४४ जना बालबालिकाले सफा खानेपानीमा पहुंच पुगेको छ।
- गाउंपालिकाका २१ वटा विद्यालयमा बसाई व्यवस्थापनका लागि कार्पेट पी फर्म र आयातकर

टेबल हस्तान्तरण पश्चात १८९३ जना बालबालिको बसाई व्यवस्थापन सहज भई प्रत्यक्ष लाभान्वित भएकाछन् ।

- ३४ वटा बाल क्लबको सहयोगमा २३ वटा बिद्यालयहरूमा वृक्षारोपण गरिएको छ साथै बाल क्लबको आयोजनामा विद्यालयहरूमा अतिरिक्त क्रियाकलापहरू (हाजिरी जवाफ, बक्तृत्वकला प्रतियोगिता, बादविवाद जस्ता) नियमित रूपमा संचालन हुने गरेको छ ।
- बिद्यालय व्यवस्थापन तालिम र बिद्यालय सुधार योजना निर्माण तालिम पश्चात पालिकाका सै विद्यालयहरूले सरोकारवालाको सहभागितामा बिद्यालय सुधार योजना निर्माणको शुरुवात भएको छ ।
- पालिकाका ७ वटा स्वास्थ्य संस्थाहरूको सेवा प्रबाहलाई प्रभावकारी बनाउनको लागि २१ किसिमका सामाग्री तथा उपकरण हस्तान्तरण गरिएको छ ।
- आवश्यक शैक्षिक सामाग्री सहित बाल बिकास शिक्षकका लागि ७ दिने कक्षा कोठा व्यवस्थापन र शैक्षिक सामाग्री निर्माण तालिम ले गर्दा २१ वटा बाल बिकास केन्द्रहरू, ३ दिने एकीकृत पाठ्यक्रम तालिम ले १४ वटा बिद्यालयका कक्षाकोठा छापमय हुन थालेकाछन् ।
- संस्थाद्वारा IPM तालिम ४२ जना , मौसमी तथा



बेमौसमी तरकारी खेति तालिम ४० जना, बिउ तथा सामाग्री सहयोग १०० जनालाई गरिएको छ र साथै समुहमा सूचना प्रचार प्रसार, प्रस्तावना लेखनमा सहजीकरणले गर्दा कृषि विकास कार्यालय दैलेख, पशु सेवा कार्यालय दैलेख, ASDP सुर्खेतबाट ४ वटा समुहका ९८ जनाले टनेल, खोर तथा प्रबिधि र उपकरण प्राप्त गरेकाछन् ।

- स्वास्थ्य शाखा ठाटीकाँधको समन्वयमा तालिम प्राप्त स्वास्थ्यकर्मीको सहजिकरणमा पाठेघर खस्ने समस्या, पाठेघरको मुखमा हुने क्यान्सर र



स्तन क्यान्सरको लागि ३ स्थानमा स्वास्थ्य सिबिर संचालन गरिएको छ। जसमा ८६ जनाको स्वास्थ्य परिक्षण गरिएकोमा ३ जनामा पाठ्यघरमा रिङ राख्ने काम भएको र ८३ जनालाई सल्लाह र सामान्य औषधि सहयोग गरिएको छ।

- सामाजिक तथा वित्तिय शिक्षा अन्तर्गत भवानी मा.वि. बाहाकोटमा तरकारी खेति र बाख्रापालन गरी उद्यमको सुरुवात गर्न थालेकाछन् भने कृष्ण मा.वि. ठाटीकाँधमा तरकारी खेतिको लागि बालक्लब र विद्यालय व्यवस्थापन समितिबाट निर्णय भई कार्यान्वयनको चरणमा रहेको छ।
- सम्भाव्य यौन हिंसा र दुर्व्यवहारबाट बच्न १४ जना किशोरीले आत्म रक्षा सम्बन्धी अभिमुखिकरण पश्चात डेमो प्रस्तुतीकरण गरी ५७६ जनाले आत्म रक्षा सम्बन्धी सिप विस्तार गरिएको छ।

### ३.१.८ कर्णाली नदी बेसिनमा जलवायु उत्थानशील तथा महिला उत्तरदायी कृषि र उद्यम (ग्रिन कर्णाली) परियोजना

**कार्य क्षेत्र** : दैलेख जिल्लाको दुल्लु नगरपालिका १, २, ३, ४ र ९, गुराँस गाउँपालिका १, २ र ३ तथा अछामको तुर्माखाँद गाउँपालिका १

**कार्यक्रमको अवधि** : २०२२ देखि २०२६ सम्म

**सहयोगी निकाय** : डिसिए

**कार्यक्रम/परियोजनाको विषयगत क्षेत्र** : जलवायु अनुकूलन, विपद् जोखिम व्यवस्थापन, जीविकोपार्जन

**परियोजनाको उद्देश्य** : जलवायु तथा महिलामैत्री पर्यावरणीय कृषि र उद्दमहरूको प्रवर्द्धन गरेर साना किसान विशेष गरेर महिला र युवाहरूको उत्थानशील जीविकोपार्जनमा योगदान पुऱ्याउने ।





### मूख्य उपलब्धि:

- समूह गठन तथा पुर्नगठन तथा जलवायु उत्थानसील महिलामैत्री कृषि अभ्यास अभिमुखीकरण पश्चात परियोजना अन्तगरगतका दूल्लु नगरपालिका, गुरांस गाउँपालिका र अछामको तुर्माखांद गाउँपालिकाका ५८२ साना किसानहरू जलवायु मैत्री अभ्यासहरूमा संलग्न भई पशुपालन, कृषि तथा वातावरण संरक्षणका गतिविधिहरूमा आवद्ध भएकाछन् ।
- विभिन्न तालिम (मौसमी तथा बेमौसमी तरकारी खेती) र जलवायु तथा लैङ्गिकमैत्री उपकरण तथा प्रविधि, पर्यावरणीय कृषि र जलवायु अनुकूलन उपायहरू सम्बन्धी अभिमुखीकरण पश्चात नागरिक समाज संघसंस्थाका सम्पूर्ण सदस्यहरूले जलबायु तथा लैङ्गिकमैत्री कृषि उपकरण तथा प्रविधिहरूको प्रयोग गर्न थालेकाछन् ।
- कार्यक्षेत्रका ६ समुदायका (दूल्लु र गुरांस गाउंपालिका) २०० घरधुरी जलबायु मैत्री नमुना गाउँ तर्फ उन्मूख भए पश्चात समूहका सदस्यहरूले जलबायु तथा लैङ्गिकमैत्री कृषि उपकरण (प्लाष्टिक घर, थोपा सिंचाइ, जैविक विषादी, मोहनी पासो, पहेंलो पासो, प्लाष्टिक पोखारी, फिरफिरे, गड्यौले मल) को प्रयोग र प्रबिधिहरू अपनाएर मौसमी तथा बेमौसमी तरकारी खेतिमा संलग्न भएका छन् ।
- तुर्माखांद गाउँपालिका वडा नं. १, २, ३, र ६ का ५८ घर धुरीलाई ५/५ वटा बाख्रा र १/१ ओटा बोका वितरण गरिएको छ जस अन्तर्गत ५८ घरधुरीले खोर निर्माणका साथै बिभिन्न जातका घाँस र डाले घाँसको बिरुवा रोपण गरी बाख्रापालन व्यवसायमा संलग्न भएकाछन् ।
- गुराँस गाउँपालिका वडा नं. १, २ र ३ मा पोषण र खाद्या सुरक्षा अभिवृद्धिका लागि ९० जना कृषकहरूलाई घर बगैंचा व्यवस्थापन तालिमका साथै घर बगैंचा स्थापनाका लागि सामाग्रीहरू वितरण गरिएको छ र सबै ९० घरधुरीका कृषकहरू तरकारी खेतिमा संलग्न भएका छन् ।





- रैथाने वाली (आलु, गहुं, मकै, कोदो, धान, फापर, बोडी, कागुनो, सिमी, प्याज, लसुन, गोलभेडा, चिनो, मास, भटमास, अदुवा, वेसार, कांक्रा, फर्सी, घिरौंला, लौका, फर्सी, करेला, खुर्सानी, मेथी, धनिया, रायो, छ्यापी, मुला, कालो तोरी, चोतो, चमसुर, पालुंगो, भण्टा, भिण्डी, फापर, तोरी) को संरक्षण र प्रवर्धनको लागि सामुदायिक विउ बैंक स्थापना तथा व्यवस्थापन सम्बन्धी सहकारी, सामुदायिक तथा समूहका सदस्यहरू ३२ जनालाई ३ दिने क्षमता विकास तालिम संचालन गरिएको छ। साथै गुरांस गाउंपालिकाको सहकार्यमा सामुदायिक विउ बैंक स्थापनाका लागि श्री हातेमालो ऋण तथा वचत सहकारी गुरांस गाउंपालिका ३, पातिकान्लासंग समन्वय गरिएको छ।
- ग्रिनजब परियोजना संगको सहकार्यमा गुरांस गाउंपालिकाको वडा नं. २, ३ को अमरा र सारदा सामुदायिक वन उपभोक्ता समितिको क्षमता अभिवृद्धिका साथै दुवै सामुदायिक वनको जलवायु अनुकुलन कार्य योजना तयार गरी कार्यान्वयनमा सहयोग गरिएको छ। जस अन्तर्गत सारदा सामुदायिक वन क्षेत्रमा भएको १ वटा पानीको मूल संरक्षण र रिचार्जको लागि ८२ वटा रिचार्ज पोखरी र अमरा सामुदायिक वन क्षेत्रमा भएको ४ वटा पानीको मूल संरक्षण र रिचार्जको लागि १०८ वटा रिचार्ज पोखरी निर्माण गरिएको छ।
- दूल्लु नगरपालिका वडा नं. २ मा रहेको नरेश्वर उद्यमशिल माध्यमिक विद्यालयमा विद्यालयमा आधारित सिकाई केन्द्रको स्थापना गरिएको छ। जसमा शिक्षक, विद्यार्थी तथा समुदायका सदस्यहरूलाई जलवायु परिवर्तन अनुकुलनका विषय (मौसमी तथा बेमौसमी तरकारी खेती, गड्यौले मल उत्पादन, फलफूल खेती, सिंचाई प्रविधि, पशुपालन) मा अध्ययन र प्रयोगको बातावरण सृजना गरिएको छ।

### ३.१.९ बाल प्रयोजन संरक्षण तथा समावेशी गुणस्तरीय शिक्षा परियोजना (P-CESP & IQE)

**कार्य क्षेत्र** : भगवतीमाई गाउँपालिका वडा नं. २, ३, ४, ५ र ६

**दातृ निकाय** : वर्ल्ड भिजन इन्टरनेशनल नेपाल

**परियोजना अवधि** : सन् २०२३ देखि २०२७ सम्म

**प्रमुख उद्देश्य:**

१. आधारभूत तह (कक्षा १ देखि ८) का अति जोखिममा रहेका बालबालिकाहरूको समावेशी तथा गुणस्तरिय शिक्षामा पहुंच र सुधार भएको हुनेछ।

२. बालबालिकाहरू संरक्षित भई शसक्तिकरण भएका हुनेछन्।

**उद्देश्य : बाल प्रयोजन तथा बाल संरक्षण**

१. समुदायियक साझेदारहरू बाल संरक्षण तथा बालसंमृद्धिका सक्षम हुनेछन्।

२. हेरचाहकर्ताहरूमा बाल सुरक्षा र हेरचाह सम्बन्धि ज्ञान र सिप विकास हुनेछ र बालबालिकाहरू सुरिक्षत र संरक्षित महशुस गर्नेछन्।

३. बालसंरक्षको लागि प्रणाली तथा सेवामा सुधार भएका हुनेछ।

४. बाल संरक्षण तथा बालसंमृद्धिका लगि नागरिक विश्वास समूह, शिक्षकहरू र समुदाय सक्रिय रूपमा संलग्न हुनेछन्।

**उद्देश्यः समावेशी गुणस्तरीय शिक्षा परियोजना**

१. सुदृढ शिक्षण सिकाइको लागि शिक्षक र अभिभावकको संलग्नता बृद्धि भई बालबालिकाको सिकाइमा सुधार हुनेछ।

२. विद्यालयहरूमा सुरक्षित, समावेशी र पहुँचयोग्य सिकाइ वातावरण विकसित भई बालबालिकाको पहुँच अभिबृद्धि हुनेछ।

३. विद्यालय तथा पालिकास्तरमा समावेशी र गुणस्तरीय शिक्षा सेवाहरूका लागि सुशासन स्थापित भएको हुनेछ।

४. साझेदार संथामा अनुगमन तथा मुल्यांकन प्रणाली स्थापित हुनेछ।

## मूख्य उपलब्धीः

- १५ विद्यालयका १६ जना महिला र २१ जना शिक्षकहरूलाई समावेशी शिक्षा र एकीकृत पाठ्यक्रममा आधारित तालिम पएका छन् उक्त तालिमपछि ६ विद्यालयमा शिक्षक निर्देशिका, सिकाइ सामग्री, दैनिक पाठयोजना, र निरन्तर वि. मूल्यांकन उपचारात्मक सिकाइको अभ्यास भएको छ।
- कार्यक्षेत्रका १० अटा विद्यालयका ३० अटा कक्षाकोठामा कार्पेट पीफम र राउन्ड टेवल सहितको बसाइ ब्यवस्थापन गिरएको छ। यसबाट जम्मा कक्षा १ देखि ३ मा अध्ययन गर्ने ४७१ जना बालबालिकाहरू लाभान्वित भएका छन्।
- भगवतीमाई गाउंपालिकाका १५ विद्यालयमा कक्षा १ देखि ३ सम्म गरी जम्मा ४५ कक्षाकोठामा (Fiction ६०, Nonfiction ६०० ७ Reference ६० गरी १८० थान पुस्तक) सहितको बुक कर्नर स्थापना गरिएको छ। उक्त बुक कर्नर सहायतापछि स्थलगत अवलोकन गर्दा ७ वटा विद्यालयमा साप्ताहिक पठाइ तालिका र पुस्तकालय रजिष्टर सहित साना कक्षामा अध्ययन संस्कृति विकास गरिएको छ।
- गाउँपालिकाका २२ विद्यालयमा अध्ययनरत २ ९९६ जना बालबालिकाहरू कार्यगत सक्षमता लेखाजोखा गरी सिकाइमा कठिनाई भोगीरहेका ३० जना बालबालिकाहरूको बैयक्तिक सिकाइ योजना निर्माण गरिएको छ।
- कार्यक्षेत्रका २२ जना बालबिकास शिक्षकका लागि ५ दिने ELDS तालिम प्रदान गरिएको छ। उक्त तालिमपछि १५ बालविकास केन्द्रहरूमा समय






तालिका अनुसार सिकाइ क्रियाकलाप सञ्चालन भएका छन् ।

- पालिकाका ७ बालविकास केन्द्रहरूमा सिकाइ सामग्री खेलकूद सामग्री, ३६ वटा बुकर्‍याक र ७ वटा फाइबर चिफ्लेटी सहायता गरी सिकाइका ६ कुना स्थापना गरिएको छ ।
- पालिकाका बिभिन्न ३८ स्थानमा कक्षा १ देखि ३ का ६७१ जना बालबालिकालाई पठन शिविरमा अध्ययनको ब्यवस्थापन गरिएको छ। सबै पठन शिविर र बालबालिकाहरूका लागि बसाइ ब्यवस्थापन गर्न त्रिपाल र कुशन, वाटर फिल्टर, कापी, पेन्सिल र कथाका किताबहरू सहायता गरिएको छ। ६७१ मध्ये २३५ बालबालिकाहरूको पढाइ गति र बोध क्षमतामा सुधार भएको छ ।
- पालिकाका १५ विद्यालयमा विद्यालय सुधार



योजना निर्माणको लागि शिक्षक क्षमता विकास र विद्यालय स्तरीय कार्यशालाको अयोजना गरी विद्यालय सुधार योजनामा सहजीकरण गरिएको छ। उक्त तालिमपछि १५ वटै विद्यालयले विद्यालय सुधार योजना निर्माण गरी उक्त योजनामा विद्यालय सुरक्षा तथा स्वच्छता योजना समावेश गरेका छन् ।
- कार्यक्षेत्रका १५ विद्यालयमा विद्यालयस्तरीय नागरिक अवाज र कर्तब्य समूहको (CVA) गठन र क्षमता विकास गरी विद्यालय स्वमूल्यांकन गरी विद्यालय कार्ययोजना निर्माण गरिएको छ।
- कार्यक्षेत्रका १४८० जना बालबालिकाहरूको फोटो, भिडियो उत्पादन गरी स्पोन्सरसिप प्रणालीमा दर्ता गरिएको छ। जसमध्ये १३०५ जना



बालबालिकालाई दाताहरूसंग विद्युतीय पत्राचार गरी सम्पर्क स्थापना गरिएको छ।
- पालिका तथा वडा स्तरका स्थनीय बालअधिकार समितलाई तालिम प्रदान गरी सिफारिस संयन्त्रको सबलीकरण गरी पालिकासंगको जोड कोषकोरूपमा रू १ लाख ५० हजारको बालहित कोष स्थापना गरिएको छ।
- बाल प्रायोजन प्राणालिमा दर्ता गरिएका १४८० जना बालबाबलिकाहरूको सिकाइमा सहभागिता र विद्यालयमा नियमितता अभिबृद्धिका लागि विद्यालय पोसाक, स्टेसनरी र स्वच्छता सामग्री प्रदान गरिएको छ। उक्त सहायतपछि अषत ६८ प्रतिशत रहेको उपस्थित दरमा सुधार भएर ७६ प्रतिशतमा पुगेको छ।
- वडा तथा पालिका स्तरीय बाल अधिकार समितिबाट सिफारिस भई अएका २२ जना अति जोखिममा रहेका बालबालिकाकाहरूलाई अवश्यकता अनुसार खाद्यान्न, लत्ता कपडा र पोसाक र स्टेसनरी सामग्री सहायाता गरिएको छ।

- बालविवाह न्युनीकरणको लागि बालबावाह विरूद्धको सडक नाटक पुतलिको बिहे पालिकाका ८ स्थान र जिल्ला सदरमुकाम गरी ९ स्थानमा प्रदर्शन गरी जनचेतना अभिबृद्धि गरिएको छ।
- पालिकाका ७ वडा र पालिका स्तर गरी ८ अटा बालसञ्जालहरूको गठन तथा क्षमता विकास गरी वडा तथा पालिकास्तरमा बालभेलाको अयोजना गरी नीति तथा कार्यक्रममा बालक्षित बजेट बिनियोजनको लागि १६ बुँदे ज्ञापनपत्र पालिकालाई हस्तान्तरण गरी न्युनतम १० प्रतिशत बजेट सुनिश्चितता गरिएको छ।
- स्थानीय स्तरमा बालसंरक्षको अवस्था लेखाजोखाका लागि १६ वटा लक्षित समूह छलफल, १६ वटा सेवाग्राहीहरूसंग अन्तरक्रियागरी प्रतिवेदन प्रकाशन गरिएको छ।
- पालिकासंगको सहकार्यमा बालमैत्री स्थानीय शासन समितिका पदाधिकारीहरूलाई क्षमता विकास तालिम प्रदान गरी बालमैत्री स्थानीय शासन कार्यान्वयनका लागि सरोकारबाला अभिमुखीकरण र सूचकहरूको स्थानीयकरण र बालमैत्री स्थानीय शासन कार्यान्वयन योजना निर्माण गरिएको छ।

## ३.१.१० महिला र बालबालिका केन्द्र, दैलेख

**कार्य क्षेत्र** : दैलेख जिल्ला

**कार्यक्रमको अवधि** : २०७४ देखी निरन्तर

**सहयोगी निकाय** : सामाजिक विकास मन्त्रालय, कर्णाली प्रदेश र एईआइएन लक्जेम्बर्ग

**समग्र उद्देश्य** : जोखिममा परेका महिला तथा बालबालिकाहरू संरक्षित भई सौहार्दपूर्ण बातावरणमा आफ्ना परिवारसंग बसेका हुनेछन्।

### उद्देश्यहरू:

१. जोखिममा परेका महिला तथा बालबालिकाहरूको हक र अधिकारमा पहुंच भएको हुनेछ।

२. जोखिममा रहेका महिला तथा बालबालिकाहरूले आवश्यक संरक्षण तथा सहयोग पश्चात घर तथा समुदायमा मर्यादापूर्ण जिवनयापन गरेका हुनेछन्।

३. जोखिममा परेका महिला तथा बालबालिकाहरूको संरक्षणका लागि सिफारिस संयन्त्र प्रभावकारी भएको हुनेछ।

### कार्यक्रम/परियोजनाको विषयगत क्षेत्र :

१. महिला तथा बालबालिका सम्बन्धी हिंसा न्यूनीकरण

२. जोखिममा परेका महिला तथा बालबालिकाको संरक्षण

### केन्द्रले उपलब्ध गराएका सेवा विवरण

**मनोविमर्श सेवा**: महिला २८१ पुरुष ११ गरी जम्मा २९२ जना




**मुख्य उपलब्धिहरू**: महिला मनोविमर्श सेवा

- घरेलु हिंसा १२१, कुटपिट २६, गालिवेईज्जती ५५, अलपत्र फेला ३, हराएको ९, अर्काको आरोप ४, बोक्सीको आरोप ३, यौन दुर्व्यबहार २, दुर्व्यवहार ३, सार्वजनिक स्थानमा अभद्र व्यवहार १५, जर्वरजस्ती करणी ७, जर्वरजस्ती करणी उद्योग ४, साईवर दुर्व्यवहार ७, वेवारिसे १, बहुविवाह ४, मानसिक तनाव ६, सम्बन्ध विच्छेद ६, उमेर नपुगि विवाह २, भ्रुण हत्या १, माना चामल १, विपद् १२ गरी महिला २८१ पूरुष ११ जना गरी जम्मा २९२ जना सेवाग्राहीहरूलाई मनोविमर्श सेवा प्रदान गरिएको छ।

- **बाल मनोविमर्श सेवा** : बालक -१०४, बालिका -१८५ जम्मा २८९ जना :

**मुख्य उपलब्धिहरू:**

- घरेलु हिंसा ४७, कुटपिट १६, गालिवेईज्ती ११, अलपत्र फेला परेको ७, हराएको १७, आश्रित बालबालिका १६, साईवर दुर्व्यवहार ३, जर्वरजस्ती करणी २२, जर्वरजस्ती करणी उद्योग १, बालयोन दुरूपयोग १, बाल विवाह ४७, विपत्त ४८, एच.आई.भि संक्रमित १, जन्म दर्ता सम्बन्धी १, मानसिक तनाव (स्पान्तरित विकृत्ति) २८, वेवारिसे ३, मानव बेचविखन तथा ओसार पसार २, सवारी दुर्घना ४ आत्म हत्या १, ठगि ८ गरी बालक १०४ बालिका १८५ गरी जममा २८९ जना बालबालिकाल् प्रत्यक्ष मनोविमर्श सेवा प्राप्त गरेका छन ।

- यस आर्थिक बर्षमा अति विपन्न तथा कुटपिट तथा जवर्जस्ती करणीमा परेका ९ जना महिलाहरूलाई आकस्मिक औषधी उपचार सेवा प्रदान गरिएको छ ।

- विभिन्न समस्या तथा हिंसामा परेका ५५ जना महिला, १७ जना वालक र ३१ जना बालिका गरी कूल जम्मा १०३ जनालाई सुरक्षित आपतकालिन आवासिय सेवा उपलब्ध गराइएको छ ।

- यस केन्द्रबाट हिंसामा परेका १०२ जना महिलालाई कानूनि सहायता गरिएको छ । जस अन्तर्गत सामान्य उजुरी ६६ वटा जसमा गालिवेइज्जती, वेवास्ता, कुटपिट, खोजतलास आदि रहेका छन् भने ३६ वटा अभियोग पत्र जिल्ला प्रहरी कार्यालयमा दर्ता भई प्रक्रिया अघि बढाइएको थियो ।



- बालबालिका अन्तर्गत कूल जम्मा ३३ मुद्दा अन्तर्गत बाल यौन दुरूपयोग १, बालविबाह ३, मानव वेचविखन तथा ओसारपसार १, आत्महत्या १, सवारी दुर्घटना ४, जवरर्जस्ती करणी २२, जवरर्जस्ती करणी उद्योग १ मुद्धाहरू प्रहरीमा दर्ता गरिएको छ ।



- यस आर्थिक वर्षमा यस केन्द्रबाट सम्बन्ध विच्छेद ६, घरेलु हिंसा ३, अंश सहित सम्बन्ध विच्छेद १, माना चामल १ गरी जम्मा ११ वटा मुद्दाहरूको फिराद पत्र लेखन सहयोग गरी जिल्ला अदालत दैलेखमा मुद्दा दर्ता गरी कानूनी प्रक्रिया अघि बढाइएकोमा घरेलु हिंसा सम्बन्धी २ वटा मुद्दा मेलमिलाप, सम्बन्ध विच्छेद १ मेलमिलाप, ३ वटा सम्बन्ध विच्छेद हुने गरी मुद्दा अदालतबाट फैसला भएको छ भने बांकी मुद्दाहरू प्रक्रियामा रहेको छ । यस्तै गरी मानव वेचविखन तथा ओसार पसार सम्बन्धी मुद्दामा २५ हजार क्षतिपूर्ति सहित १७ बर्ष जेल सजायं हुनेगरी फैसला भएको छ ।

- बालबालिकाको मुद्दा अन्तर्गत जवरजस्ती करणी ३ वटा मुद्दामा १ लाख देखि २ लाख जरिवाना, ५०

हजार देखि १ लाख क्षतिपूर्ति र १९ बर्ष देखि ३३ बर्षसम्म जेल सजायं तोकी जिल्ला अदालतबाट फैसला गरिएको छ। यस्तै मानव वेचविखन तथा ओसारपसारमा १ वटा मुद्दामा संलग्न ५ जनालाई १०/१० हजार क्षतिपूर्ति, २५ हजार जरिवाला सहित ७ वर्ष कैद सजायंको फैसला भएको छ।

- बालविबाहको ३ वटा मुद्दा अदालतमा दर्ता भएकोमा पिडक १ जना बालकलाई जिल्ला अदालतको फैसला अनुसार बाल सुधार गृहमा पठाइएको छ।
- विभिन्न समस्या तथा हिंसामा परेका महिला ५४ जना, वालक १७ र बालिका ३१ गरी कूल जम्मा १०२ जनालाई पारिवारीक मनोविमर्श परामर्श सहित परिवारमा हस्तान्तरण गरिएको छ।



- मानसिक असन्तुलन भएको १ जना महिलालाई नारायण नगरपालिकाको सहयोग र समन्वयमा मानव सेवा आश्रम सुर्खेतमा थप उपचार र संरक्षणको लागि हस्तान्तरण गरिएको छ।
- मानसिक सन्तुलन गुमेको १ जना महिला र अलपत्र फेला परेको महिला गरी २ जनालाई उद्दार गरी १ जना मानसिक असन्तुलन भएको महिलालाई मानव सेवा आश्रममा र १ जनालाई परिवारमा हन्तान्तरण गरिएको छ।
- जवरजस्ती करणी उद्योग १, जवरजस्ती करणीमा परेका १ जना र घरेलु हिंसामा परेको २ जना गरी जम्मा ४ जना महिलाहरूलाई १ हजार देखि ५ हजारसम्म यातायात सहयोग गरिएको छ।
- जवरजस्ती करणीमा परेको महिला १ जना, मानसिक तनावमा परेको महिला १, घरेलु हिंसामा परेको महिला १ जना त्यस्तै अलपत्र फेला परेको वालक ३ जना र बालिका ३ जना साथै जवरजस्ती करणीमा परेको बालिका २ जना र जवरजस्ती करणी उद्योगमा परेको बालिका १ जनालाई उद्दार तथा औषधी उपचारको लागि जिल्ला अस्पता र प्रदेश अस्पतालमा पुर्‍याउनको लागि एम्बुलेन्स सेवा प्रदान गरिएको छ।
- कुटपिट ५, वेवास्ता १२, गालिवेईज्जती १६, जवरजस्ती करणी १९, जवरजस्ती करणी उद्योग १, हराएको फेलापरेको १७, बालविवाह २१ मानसिक तनाव (रूपान्तरित विकृती) २८, मानव वेचविखन तथा ओसारपसारमा परेका २, औषधि उपचार ५ जना गरी कूल जम्मा महिला ७८ बालबालिका १३७ हरूको फोन तथा भेटघाटको माध्यमबाट फलोअप गर्दा परिवारमा मिलेर बसेको परिवारका सदस्यले पहिलाको भन्दा राम्रो हेरचाह, स्याहार गर्ने र स्वास्थ्य अवस्थामा सुधार आएको र न्याय पाएको महसुस गरेको पाईको छ।

### ३.१.११ बाल हेल्पलाईन १०९८, दैलेख

**कार्य क्षेत्र:** दैलेख जिल्ला

**कार्यक्रमको अवधि:** ०७९।०८०

**सहयोगी निकाय:** राष्ट्रिय बाल अधिकार परिषद् काठमाडौ, सामाजिक विकास मन्त्रायल, कर्णाली प्रदेश

**कार्यक्रम/परियोजनाको विषयगत क्षेत्र :**

१) रोकथाम

२) संरक्षण

३) क्षमता अभिवृद्धि

**परियोजनाको उद्देश्य:**

उद्देश्यः १ जोखिम तथा हिंसा प्रभावितहरूको हक, अधिकार तथा सुरक्षा मा सुनिश्चिता भई उनीहरूको वृद्धि विकासमा टेवा पुगेको हुनेछ।

उद्देश्यः २ बाल हेल्प लाईन १०९८ मा बालबालिकाको पहुँच पुग्नुका साथै उनीहरूको आवश्यकता र समस्याको सम्बोधन भएको हुनेछ।



उद्देश्यः ३ जोखिम तथा अलपत्र फेलापरेका बालबालिकाको उद्दार भई उनीहरूको संरक्षणमा सुनिश्चिता भएको हुनेछ।

उद्देश्यः ४ बालबालिकाको हक, अधिकार सुनिश्चिता लागि सरोकारवाला सचेत भएको हुनेछन्।

## मुख्य उपलब्धीः

- बाल हेल्पलाईन १०९८ दैलेखबाट धनगढी, सुर्खेत, कालिकोट अछामका ४ जना बालबालिकाहरूलाई प्रत्यक्ष तथा फोनबाट मनोविमर्श सेवा उपलब्ध गराई ४ जनालाई सम्बन्धित जिल्लाका बाल हेल्पलाईनमा सिफारिस गरी समस्या समाधानको



लागि सिफारिस गरी पठाइएको छ।

- बाल अधिकार, बाल यौन शोषण सम्बन्धी, बाल विवाह, बाल हेल्पलाईन १०९८, मानव वेचविखन तथा ओसारपसार, बाल श्रम शोषण, लैङ्किक हिंसा र कानुनी प्रावधानका विषयहरूमा बालक ५७८ बालिका ८४४ गरी जम्मा १४३१ जनालाई अभिमुखिकरण कार्यक्रम गरिएको छ।

- बालविवाह विरुद्धको साझा अभियान सञ्जाल दैलेख जिल्लाको संयोजकको रूपमा सोसेक नेपाल र जिल्लाका सरोकारवाला निकाय सदस्य संस्था र बाल हेल्पलाईन १०९८ को पहल र पैरवीमा बाल क्लब, महिला संञ्जाल, विद्यालय र नारायण नगरपालिका, दूल्लु नगरपालिका, भैरवी गाउंपालिका, भगवतीमाई गाउंपालिकाका वडाहरूमा पालिकाका पदाधिकारी



र बालबालिकाहरू ६७३ जनालाई बाल विवाह विरुद्ध र कानुनी प्रावधान, लैङ्गिक हिंसा विषयमा अभिमुखिकरण गरिएको छ।

